स्वावलम्बन सम्बाद

स्वावलम्बन विकास केन्द्रको समाचारपत्र – असोज २०७७, अंक १

प्रकाशकीय

स्वावलम्बन विकास केन्द्रले सन् २०११ डिसेम्बर महिनादेखि अंग्रेजी भाषामा त्रैमासिक समाचारपत्र ग्लीम्स (Glimpse) प्रकाशन गर्दै आएको सबैलाई अवगत नै छ। केन्द्रको गतिविधि तथा लघुवित्त क्षेत्रमा भए गरेका कृयाकलाप बारे सुचना प्रवाह गर्दै आएको यो प्रकाशन अंग्रेजी भाषामा हुने गरेको र हाम्रो बहुसंख्यक शुभचिन्तक, लघुवित्तकर्मी, सेवाग्राही सदस्यहरु लगायत पाठक बर्ग नेपाली भाषी रहेको यथार्थलाई दृष्टिगत गरी नेपाली भाषामा समाचारपत्र **स्वावलम्बन सम्बाद** प्रकाशन गरिएको छ। यसले केन्द्र तथा लघुवित्त क्षेत्रका सुचना तथा सन्देश तल्लो तहमा पुऱ्याउन र गाउँ स्तरका सफलताका कथाहरुलाई केन्द्रसम्म पुऱ्याउन साँघुको काम गर्नेछ। यसले स्वच्छ लघुवित्त एवं उद्यमशीलता विकास गर्ने केन्द्रको अभियानको एक साधनको रुपमा पनि काम गर्नेछ। **स्वावलम्बन सम्बाद**ले समेट्ने सुचनामूलक र ज्ञानबर्द्धक विषयवस्तुको लक्ष गाउँ गाउँमा सीप र ज्ञानको पर्खाइमा बसेका लघुवित्त सदस्यहरुमा उद्यमशीलता प्रवर्द्धन गर्न सघाउनु र महिला तथा पिछडीएको विपन्नबर्गलाई स्वउद्यमी बनाउन प्रेरित गर्नु रहेको छ। यसले सुचनाको माध्यमबाट लघुवित्त संस्थाहरु लघुवित्तको मर्म अनुसार सञ्चालन गर्न, महिला तथा विपन्न बर्गलाई स्वावलम्बी बन्न, गरीबी घटाउन र स्वदेशमै रोजगार सिर्जना गरेर परनिर्भरता घटाउने अभियानमा पनि सघाउने अपेक्षा गरिएको छ।

हाललाई अर्ध बार्षिक समाचारपत्रको रुपमा असोज र चैत्र महिनामा प्रकाशन गर्ने गरी केन्द्रले आर्थिक बर्ष २०७७।७८ बाट **स्वावलम्बन सम्बाद** शुरु गरेको छ। यसले केन्द्रका नियमित गतिविधिका साथै लघुवित्त क्षेत्र संग सम्बन्धित समाचार, सुचना, सन्देश, उपलब्धि तथा विचारहरु समेटेर गाउँ गाउँसम्म पुऱ्याउने उद्देश्य रहेको छ।

स्वावलम्बन विकास केन्द्र ३० औँ बर्षमा प्रवेश

वित्तीय पहुचको माध्यमबाट ग्रामीण क्षेत्रका विपन्न समुदायको जिवनस्तर माथि उकास्दै गरीबी निवारण गर्ने दूरदृष्टिका साथ विक्रम संवत २०४८ साल श्रावण २८ गते स्थापना भएको स्वावलम्बन विकास केन्द्र ३०औँ बर्षमा प्रवेश गरेको छ।

विगत २९ बर्षको दौरानमा केन्द्रले पिछडिएको समुदाय, विपन्न वर्ग, विशेषतः महिला वर्गको सामाजिक र आर्थिक अवस्था उकास्न विभिन्न परियोजना तथा कार्यक्रमहरु संचालन गरेको छ। विक्रम संवत २०४८ साल पुष १७ गते नेपालकै विकट क्षेत्र कर्णालीको जुम्ला जिल्लाबाट सामुदायिक स्वावलम्बन विकास परियोजना संचालन गरेर कामको शुरुवात गरेको केन्द्रले २०४९ सालमा पूर्वी तराईका सिरहा, सप्तरी र उदयपुरको एक एक वटा गाउँमा स्वावलम्बन बैंकीङ्ग कार्यक्रम शुरुवात गरेको थियो। गरीब र विपन्न महिलाहरुमा वित्तीय पहुच पुऱ्याउने लक्षका साथ परीक्षणको रुपमा शुरु गरिएको यो कार्यक्रमको सफलता पछि स्वावलम्बन बैंकीङ्ग कार्यक्रम अन्य जिल्लामा पनि विस्तार भएको हो। विक्रम संवत २०५१ सालमा शुरु भएको स्वावलम्बन लघुवित्त कार्यक्रम विक्रम संवत २०५८मा ८ जिल्लाका ३५ हजार भन्दा बढी सदस्य र २९ हजार ऋणी सदस्यहरु सहित स्वावलम्बन लघुवित्त विकास बैंक (हाल स्वावलम्बन लघुवित्त वितीय संस्था लि.)मा रुपान्तरण भयो। यसको करिव एक दशक पछि थप १४ जिल्लाका ५८ हजार ४ सय ४१ सदस्य सहित जिन्सी, नगद तथा मानव श्रोत स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडलाई हस्तान्तरण गरेको थियो। स्वावलम्बन विकास केन्द्र विपन्न वर्ग माँझ लघुवित्त कार्यक्रम संचालन गर्न नेपाल राष्ट्र बैकबाट स्विकृती प्राप्त गर्ने पहिलो गैरसरकारी संस्था हो।

लघुवित्त कार्यक्रम स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडलाई हस्तान्तरण गरे पछि केन्द्रले हाल लघुवित्त कार्यक्रम संचालन गर्ने 'घ' वर्गका लघुवित्त संस्था र सहकारी संस्थाहरुका पदाधिकारी र कर्मचारीहरुको दक्षता र सीप अभिबृद्धि गर्न तालिम, छलफल, सभा, सेमिनार एवं स्वदेश तथा विदेशमा रहेका लघुवित्त संस्थाहरुको अध्ययन अवलोकन भ्रमण कार्यक्रमको संयोजन तथा आयोजना गर्ने गरेको छ। यस्तै लघुवित्त सेवाग्राही सदस्यहरुको चेतना, क्षमता तथा

(बाँकी पृष्ठ ५ मा)

यस भित्र

कोरोना महामारी र ...	पृ. २
कोरोना पछिको पुनर्निर्माण ...	पृ. ३
लघुवित्तले गरीब तथा ...	पृ. ६
संकट बुझौँ र समाधान ...	पृ. ९
कोरोनाको कारण उत्पन्न...	पृ. १०
लकडाउनले पारेको प्रभाव ...	पृ. १२
कोरोना महामारी पछि ...	पृ. १३
कोरोना : चुनौती पनि ...	पृ. १५
लघुवित्त क्षेत्रको संकट ...	पृ. १७

कोरोना महामारी र लकडाउनको प्रभाव

विश्लेषण गरी कार्य योजना बनाऔं

कोरोना महमारी र लकडाउनको कारण कुन व्यवसाय र क्षेत्रमा कति क्षति भएको छ त्यसको विवरण संकलन र विश्लेषण गरी अघि बढ्ने भएका छन् । स्वावलम्बन विकास केन्द्रले लघुवित्त कार्यक्रममा संलग्न सहकारी सदस्य संस्थाहरु संग कोरोना र लकडाउने लघुवित्त क्षेत्रमा पारेको असर र समाधानका उपाय विषयमा आयोजना गरेको अनलाइन वेविनार छलफलको क्रममा सहभागीहरुले यस्तो धारणा राखेका हुन् ।

छलफलका क्रममा लघुवित्त विज्ञ शंकरमान श्रेष्ठले कोरोना भाइरस र लकडाउनका

(बाँकी पृष्ठ ८ मा)



छलफलमा सहभागीहरू

मार्ग चित्र

१) २०७७ आषाढ मसान्तको विवरणको आधारमा शाखा अनुसार सदस्यहरुलाई निम्न चार प्रकारमा वर्गीकरण गर्ने :

क) लकडाउनको समयमा पनि किस्ता (सांवा र ब्याज) बुझाउने

(ख) लकडाउनको समयमा ब्याज मात्र बुझाउने

(ग) लकडाउनले व्यवसाय पूर्णरुपमा बन्द भै ऋण तिर्न असमर्थ भएको अनुशासित सदस्य

(घ) कर्जा दुरुपयोग गरेका र धेरै संस्थाहरुबाट कर्जा लिएका कर्जा भुक्तानीमा कुनै चासो नदिएका

उपरोक्त अनुसारको विवरण तयार गर्दा सदस्यको नाम, केन्द्र, ऋणको उद्देश्य (व्यवसाय), लिएको ऋण रकम, तिरेको रकम, बाँकी रकम, भाखा नाघेको रकम (सांवा र ब्याज) जस्ता विवरण उल्लेख गर्ने।

२) कृषि उत्पादनमा परनिर्भरता घटाउन स्थान र परिवेश सुहाउंदो कृषिमा आधारित व्यवसाय तथा खेतिपातीको विकास र विस्तारको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

३) संस्थाहरुले प्रविधिको प्रयोग र विकासलाई प्राथमिकता दिई आफ्नो सेवालाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउने ।

४) संस्थाका प्रमुख कार्यकारी अधिकृत स्वयमले आफ्नो क्षेत्र भित्रको सबै भन्दा पिछडिएको विपन्न समुदाय रहेको एक गाउँको छनौट गरी त्यहाँ रहेको स्रोत र साधनको पहिचान गरी प्रोफाइल तयार गर्ने र सो गाउँलाई वातावरण मैत्री नमुना गाउँको रुपमा विकास गर्दै लैजाने र सोलाई दृष्टान्त बनाई प्रत्येक शाखा प्रबन्धकलाई पनि यस्तो एउटा परियोजना संचालन गर्न लगाउने ।

५) हरेक लघुवित्त संस्थाले समाजमा आफ्नो प्रतिष्ठा कायम गर्न लघुवित्त सामाजिक व्यवसाय हो भन्ने देखाउन उद्यमशीलता विकासमा जोड दिने । संस्थाहरु नाफामुखी मात्र नभइ सेवाभावले प्रेरित भै समाजको आर्थिक तथा सामाजिक विकास एवं रुपान्तरणमा जोड दिने ।

६) सदस्यका छोराछोरीहरुलाई उद्यमी बन्न तथा घरमै रोजगारीको वातावरण श्रृजना गर्न तिनीहरुलाई व्यवसायीको रुपमा अगाडि बढाउने र दोश्रो पुस्ताको सदस्य तयार गर्न तिनीहरुलाई प्रशिक्षण दिने व्यवस्था मिलाउने ।

७) विदेशबाट गाउँ फर्केका युवालाई गाउँमै आत्मनिर्भर तथा स्वरोजगार बनाउने गरी उनीहरुको सीप, क्षमता तथा हैसियतमा आधारित व्यवसायको विकास निम्ति योजना तर्जुमा गर्ने ।

८) सदस्य तानातान र कर्जा दोहोरापनाले र आवश्यक्ता र क्षमता भन्दा बढी लगानी गर्ने प्रबृतिले लघुवित्त बदनाम भएको र कर्जा जोखिम बढाएको हुँदा आयन्दा यस्तो गलत काम पूर्णतः बन्द गर्ने ।

९) सदस्यहरुले उत्पादन गरेका उपजको विक्री तथा बजारीकरणको लागि संस्थाहरुले स्थानीय रुपमा समन्वय गरी उत्पादन बेचबिखनको संस्थागत व्यवस्था मिलाउने ।

१०) लघुवित्त संस्थाहरुको आगामी कार्यक्रममा अति निम्नस्तरका वर्गलाई स्वरोजगार बनाउन अभियानको रुपमा कार्यक्रम संचालन गर्ने ।

११) संस्थाहरुको आन्तरिक संचार व्यवस्था द्रुत बनाउन उपलब्ध प्रविधिहरु जस्तो ईन्स्टाग्राम, भाइवरको प्रयोग गरी केन्द्रिय कार्यालय र शाखाहरुको बीचमा र शाखा भित्र कर्मचारीहरुको बीचमा सुचना प्रवाहको संजाल शुरु गर्ने ।

१२) बैंक हरुले निक्षेपमा दिने ब्याज घटाएको हुँदा संस्थाहरुले पनि आफ्नो ब्याजदर पुनरावलोकन गर्ने ।

१३) नियमनकारी निकायले तोकेको ब्याजदर अनुसरण गर्ने ।

कोरोना पछिको पुनर्निर्माण कार्यक्रम

फेरी पछाडि फर्कने होइन

प्रो. मोहम्मद यूनुस



कोरोना महामारीको कारण विश्वभर गम्भीर त्रास सृजना भएको छ। अकल्पनीय क्षति भएको छ। सकारात्मक भएर सोचौँ निराशा तिर मात्र नफर्कौं। क्षतीका वावजुद कोरोनाले अवसरहरु पनि ल्याएको छ।

अहिले पूरै विश्वले एउटा बृहत प्रश्नलाई संम्वोधन गर्नु आबश्यक छ। अर्थतन्त्रलाई कसरी चलायमान बनाउने भन्ने होइन। यसको उत्तर हामीलाई थाहा छ। पुनर्उत्थान प्रक्रिया कसरी अगाडि बढाउने भन्ने जानकारी हामीलाई छ।

अहिलेको विश्वमा हामीले सम्वोधन गर्नु पर्ने अहंम सवाल भनेको के हामी विश्वलाई कोरोना अघिकै अवस्थामा फर्काउदै छौँ ? वा हामी विश्वलाई पुनर्संरचना गर्दैछौँ ? निर्णय गर्ने वेला आएको छ। निर्णय हामीले नै गर्ने हो।

हामी सवैले महशुस गरेर आएको हो कोरोना महामारी अघिको विश्व उपयुक्त थिएन, ठिक बाटोमा हिडेको थिएन। कोरोना भाइरस सवैलाई थर्कमान बनाउने समाचार नबनुन्जेल विश्वलाई पर्ने भयावह स्थितिलाई लिएर हामी चिच्याइ रहेका थियौँ। जलवायु प्रदुषणबाट आइ पर्ने दुर्घटना वा बिपतीका कारणले सिंगो पृथ्वी नै मानव अस्तित्वका लागि अनुकूल नरहने हो भनेर हामी दिन गन्ति गरेर बसेका थियौँ। मानवीय स्वार्थतपूर्ण क्रियाकलापबाट व्यापक रुपमा फैलिएको बेरोजगारी एउटा कठिन चुनौति बन्दै थियो। केही व्यक्ति वा ठाउँमा धन सम्पतिको केन्द्रिकरण हुँदै जानुका कारण हामी विस्फोटक अवस्था तिर पुग्दै थियो। हामी एक अर्कालाई सम्झना दिलाई रहेका छौ कि यो २००० को दशक नै सुधारको अन्तिम अवसर हुनेछ। यो दशक पछि हाम्रा सवै प्रयासहरुले पृथ्वीलाई जोगाउन खोजे पनि न्यून परिणाम मात्र दिनेछन्।

के हामी अझै पहिलेकै अवस्थामा फर्कने त? निर्णय हामी आफैँले गर्नु छ ।

कोरोना महामारीले पुरै विश्वको सन्दर्भ तथा गणितलाई अप्रत्याशित रुपमा परिवर्तन गरेको छ। यस अघि अस्तित्वमा नरहेका प्रबल सम्भावनाहरु उजागर गरेको छ। हामी अकस्मात एउटा नयाँ चरणमा पुगेका छौँ। एउटा अविश्वसनीय स्वतन्त्रताका साथ हामी आफूले चाहेको गन्तव्य पहिल्याउने अवस्थामा छौँ।

आर्थिक कृयाकलाप पुनर्संचालन गर्नु अघि हामीले कस्तो आर्थिक प्रणाली बनाउन चाहेका हौँ भन्ने बिषयमा एकमत हुनु जरुरी छ। सबै भन्दा पहिले हामीले अर्थ व्यवस्थालाई एउटा साधनको रुपमा बुझ्नु पर्छ। यसले हामीलाई हाम्रो लक्ष्यमा पुग्न सहजीकरण गर्छ। अर्थ व्यवस्था कुनै अलौकिक शक्तिले हामीलाई सजाय दिन थापेको पासो जस्तो हुनु भएन। यो हामी आफैले बनाएको औजार हो। यसमा हामी सजग हौँ। हामी सबैले खुशिको उच्चतम अनुभुति हुने तहसम्म नपुगुन्जेल यसलाई पुनः पुनर्संरचना गरिरहनु अनिवार्य हुन्छ।

हामीले जान खोजेको गन्तव्यतर्फ अहिलेको अर्थ व्यवस्थाले लान खोजी रहेको छैन भन्ने कुरा कुनै पनि समयमा महशुस भयो भने हामीले बुझ्नु पर्छ की हामीले प्रयोग गरि रहेको हार्डवेयर (सामान वा औजार) अथवा सफ्टवेयर (कार्यक्रम वा प्रणाली) मा समस्या छ र तुरुन्त समाधान खोज्नु पर्छ। हामीले हाम्रो सफ्टवेर वा हार्डवेयरले काम गर्न दिएन भन्ने दोष दिएर पंछिन मिल्दैन। यस्तो गर्नु अक्षम्य भुल हुन जान्छ।

यदि हामीले कार्वन उत्सर्जन शुन्य गर्न खोजेको हो भने यसकालागी उपयुक्त र सही हार्डवेयर र सफ्टवेर बनाउनु पर्ने हुन्छ। यदि हामीले शुन्य बेरोजगारी युक्त विश्व निर्माण गर्न खोजेको हो भने पनि हामीले यी दुबैलाई सही तरिकाले प्रतिपादन गर्नु पर्छ। यदि हामी अहिले जस्तो सिमित ठाउँमा वा सिमित व्यक्तिमा अधिक धन थुप्रिने व्यवस्था चाहदैनौँ भने सही मार्ग अपनाउनु पर्छ। यो सबै उपयुक्त हार्डवेयर तथा सफ्टवेयर बनाउनुमा निर्भर रहन्छ। उपयुक्त हार्डवेयर तथा सफ्टवेयर बनाउने सामर्थ्य हामीमा छ। जब मानिसले केही गर्न चाहन्छ त्यो गरेरै छाड्छ। मानिसको लागि असम्भव भन्ने केहि छैन।

यो ज्यादै खुशिको कुरा हो कि कोरोना संकटले हामीलाई नयाँ शुरुवात गर्ने असिमित अवसर प्रदान गरेको छ। यति बेला हामी अर्थ व्यवस्थाको हार्डवेयर र सफ्टवेयरहरु पुरै नयाँ तरिकाले तयार गर्न सक्छौँ।

कोरोना पछिको पुनर्संरचना योजनाः सामाजिक तथा वातावरणीय चेतनामा आधारित हुनु पर्छ ।

उपर्युक्त सन्दर्भमा अहिलेको अवस्थामा एउटा सर्वसम्मत विश्व घोषणा हुनु पर्छः "हामी पुनः पहिलेकै अवस्थामा फर्कन चाहदैनौ। हामी पुनरुत्थानको नाममा पुरानै खाल्डोमा जाकिन चाहान्नौँ।"

हामीले यसलाई अब 'पुनरुत्थान कार्यक्रम' भन्नु उपयुक्त हुँदैन। हाम्रो उदेश्य स्पष्ट बनाउन हामीले यसलाई पुनर्निर्माण कार्यक्रम भन्न सक्छौँ। यसलाई सम्भव बनाउनका

धादिङ थाके गा.पा. ९, पण्डित पौवाकी सफल उद्यमी रिता परियार

लागि व्यवसायिक क्षेत्रलाई मुख्य भूमिका निर्वाह गर्न दिनु पर्छ । कोरोना पछिको पुनर्निर्माण कार्यक्रमले सामाजिक तथा वातावरणीय चेतना वृद्धिको मुद्दालाई केन्द्र विन्दु बनाउनु पर्छ । यसलाई हरेक नीति निर्माण तहले ध्यान दिनु पर्छ ।

हाम्रो कार्यक्रमलाई हामी पुनरुत्थान होइन पुनर्निर्माण कार्यक्रम भन्छौं । यसलाई सार्थक बनाउन व्यवसाय वा उद्योगहरुलाई मुख्य भूमिका निर्वाह गराइनेछ । पुरानो प्रणाली भन्दा यसमा के फरक हुन्छ भन्ने कुनैपनि निर्णय गर्दा सामाजिक तथा वातावरणीय पक्षलाई केन्द्र विन्दुमा राखी गर्नेछ ।

यसका लागि कुनै पनि देशको सरकारले यकीन गर्नु पर्छ कि व्यवसाय क्षेत्रमा लगानी गर्दा उच्चतम वातावरणीय तथा सामाजिक हितको संरक्षण नहुदा सम्म कति पनि सुविधा वा रकम कसैलाई दिइने छैन । साथै पुनर्निर्माण सम्बन्धी सबै कार्यहरु सामाजिक, आर्थिक तथा वातावरणीय चेत सहितको अर्थतन्त्र निर्माण उन्मुख हुनु पर्छ ताकि सबै समाज, मुलुक एवं विश्वले नै रुपान्तरणको महशुष गरोस् ।

समय अहिले हो ।

हाम्रो पुनर्निर्माणको काम सामाजिक भावले प्रेरित योजना सहित प्रारम्भ हुनु पर्छ । योजनाहरु तर्जुमा गर्ने काम अहिलेकै चरम संकटको घडीमा शुरु हुनु पर्छ । संकट टरे पछि योजना तर्जुमा गर्दा हडवढाहटमा पुरानै तौर तरिका र विचार अनुसार नै हुन जान्छ । पुरानै अनुभव, विचार तथा नजिरहरुको चाङ लाग्न थाल्छ । नवीन विचार तथा प्रयासहरुलाई अप्रमाणित नीति भन्दै पाखा लाउने काम हुन जान्छ । जुन वेला हामीले ओलम्पिक गेम सामाजिक व्यवसाय हुनु पर्छ भन्ने प्रस्ताव गऱ्यौं विपक्षीहरुले यस्तै तर्क गरे । तर अहिले २०२४ को पेरिस ओलम्पिक उत्साहजनक रुपमा सामाजिक व्यवसायको रुपमा डिजाइन गरिदै छ । त्यसैले हामीले हतारमा काम शुरु गर्नु भन्दा अगाडि नै तयार हुनु पर्छ र त्यो समय अहिले हो ।

सामाजिक व्यवसाय

पुनर्निर्माणको योजनामा मैले नयाँ स्वरुपको व्यवसाय - सामाजिक व्यवसाय वा उद्योग बनाउन प्रस्ताव गरेको छु । यो पूर्णतः समुदाय वा समाजको समस्या समाधान उन्मुख उद्योग वा व्यवसाय हुन्छ । यसमा लगानीकर्ताले शुरुमा आफुले लगानी गरेको पूँजी सुरक्षण गर्ने बाहेक थप व्यक्तिगत फाइदा अथवा मुनाफा लिदैन । लगानीकर्ताको आफ्नो लगानी उठेपछि बचेको मुनाफा व्यवसाय बृद्धि तथा विकासमा लगाइन्छ ।

सरकारहरुसँग नयाँ तरिकाले सामाजिक उत्तरदायित्व वहन गर्ने उद्योगलाई प्राथमिकता, बढावा तथा प्रवर्द्धन गर्ने थुप्रै अवसरहरु हुनेछन् । साथै आवश्यकता परेका बेलामा एकै पटक, एउटै आकारमा, जहाँसुकै पनि सामाजिक व्यवसाय वा उद्योग प्रवर्द्धन गर्न सकिन्छ भन्ने अपेक्षा पनि गर्नु हुँदैन । सामाजिक व्यवसाय संचालनमा आउन केही समय लाग्ने ठाउँहरुमा सरकारले विपन्न तथा बेरोजगारको भलाईका लागि हाल संचालन भै रहेको कल्याणकारी कार्यक्रम, लघुवित्त कार्यक्रम, स्वास्थ्य सेवा, अत्यावश्यक सेवा क्षेत्रको पुनरुत्थान तथा अन्य व्यापार व्यवसाय क्षेत्रलाई सघाउने योजनाहरु ल्याउनु आवश्यक हुन्छ ।

सामाजिक व्यवसाय शुरुवात गर्नका लागि सरकारले केन्द्र देखि स्थानीय स्तरसम्म सामाजिक व्यवसाय पूँजीकोष स्थापना गर्न सक्छ । यसका लागि निजी क्षेत्र, प्रतिष्ठानहरु, वित्तीय संस्थाहरु, लगानीकोष लगायत सबैलाई सामाजिक विकासका लागि उत्प्रेरित गर्न सक्छ । सामाजिक उद्योग पूँजीकोष बनाउन परम्परागत कम्पनीहरु आफैले सामाजिक व्यवसाय शुरु गर्न अथवा साझेदार बन्न उत्साहित गर्नु पर्छ । व्यापारी तथा व्यवसायीहरुलाई पनि या त आफै सामाजिक व्यवसाय स्थापना गर्न वा अरु सामाजिक व्यवसायी सँग साझेदारीमा सामाजिक उद्योग सिर्जना गर्न प्रोत्साहन गर्नु पर्छ ।

पुनर्निर्माण कार्यक्रम अन्तर्गत सामाजिक उद्योग प्रवर्द्धन गर्न सरकार आफैंले पनि लगानी गर्न सक्छ अथवा व्यवसायिक कम्पनीहरुलाई किनेर अथवा उनिहरु सँग सहकार्य गरेर सामाजिक व्यवसायमा परिणत गर्न सक्छ । केन्द्रीय बैंकले पनि यस्तो व्यवसायलाई अरु वित्तीय संस्था सरह शेयर बजारमा सूचिकृत गरी पूँजी प्राप्त गर्न अनुमति दिन सक्छ ।

पुनर्निर्माणको बेला धेरै अवसरहरु सृजना हुन्छन् । यस्तो अवसरको सदुपयोग गर्न सरकारले सामाजिक व्यवसाय स्थापनामा धेरै भन्दा धेरै लगानीकर्ताहरुलाई समेट्नु पर्छ ।

को हुन् सामाजिक व्यवसायका लगानीकर्ताहरु ? उनिहरुलाई कहाँ खोज्ने ?

लगानीकर्ताहरु जतातत्तै छन् । हामी उनिहरुलाई देख्न सक्दैनौं किन भने हाम्रो वर्तमान अर्थ व्यवस्थाको पाठ्यपुस्तकहरुले उनिहरुको अस्तित्वलाई चिन्दैन । त्यसैले हामी पनि उनिहरुलाई देख्न सक्दैनौं । हालैमात्र अर्थशास्त्रको केही नयाँ पाठ्यक्रममा सामाजिक व्यवसाय, सामाजिक उद्यमशीलता, प्रभावमुखी लगानी, गैर नाफा मुलक संस्था जस्ता विषयहरु सहायक मुद्दाको रुपमा समावेश हुन थालेको छ ।

जबसम्म अर्थशास्त्रलाई एउटा मुनाफा वृद्धि गर्ने विज्ञानका रुपमा मात्र हेरिन्छ तबसम्म सामाजिक व्यवसाय र वातावरणीय पक्षहरुलाई ध्यान दिने पुनर्निर्माण कार्यक्रमहरु अगाडि बढन सम्भव देखिदैन । अवको रणनीति अर्थतन्त्रमा वृद्धिका साथै त्यसमा सामाजिक व्यवसायको अनुपातलाई बढाउन ध्यान दिने हुनुपर्छ ।

अर्थतन्त्रमा सामाजिक व्यवसायको सफलता देखिन अर्थतन्त्रमा यस्तो व्यवसाय वा उद्योगहरुको अनुपात वृद्धि हुनुपर्छ । साथै एउटै उद्यमीले नाफा सहितको र नाफा रहित सामाजिक उद्योगहरु संग संगै संचालन गर्नेको संख्या तिब्रगतिमा बढाउनु पर्छ । यसो भएमा सामाजिक तथा वातावरणीय चेतनायुक्त अर्थ व्यवस्था शुरुवात भएको मान्न सकिन्छ ।

यस ऐतिहासिक अवसरबाट फाइदा उठाउन विश्वका विभिन्न देशका सरकारहरुले अहिलेको विश्वको आवश्यकतालाई ध्यान राखी व्यवसायी र लगानीकर्ताहरुलाई उच्च स्थान दिई पुनर्निर्माण कार्यक्रममा अग्रसर हुने आव्हान गरेमा सामाजिक व्यवसाय संचालकहरु र यसमा लगानी गर्नेहरु उत्साहपूर्वक लाइन लागेर अगाडि आउने

बाँके जिल्लाको राप्ती सोनारीमा झम्पाकुमारी गौतमको कुखुरा व्यवसाय

रोल्पाकी उद्यमी रुपा घर्तिको व्यवसायिक तरकारी खेती

छन् । यस्तो सामाजिक उद्यमीहरुको समुदायमा साना मसिना उद्यमी तथा लगानीकर्ता मात्र हुने छैन । ठूल्ठूला वहु-राष्ट्रिय कम्पनीहरु, ठूल्ठूला सामाजिक कोषहरु, संस्थागत निकायहरु, ट्रष्टहरु, फाउन्डेशनहरु ठूल्ठूला अन्तराष्ट्रिय र राष्ट्रिय सामाजिक व्यवसाय संचालन गरी अनुभव र नामै कमाएका संस्थाहरु र प्रतिभावान कार्यकारी प्रमुखहरु समेत समावेश हुने छन् र एउटा नयाँ प्रणालीको निर्माण हुनेछ ।

जब सामाजिक उद्यमशीलताको अवधारणाले सरकारहरुको ध्यान तान्न थाल्ने छ धेरै व्यक्तिगत फाइदा र नाफा मात्र हेर्ने दिग्गज व्यवसायीहरु पनि विस्तारै आफ्नो प्रतिभा सहित सक्षम र सफल सामाजिक उद्यमी बन्ने तिर लाग्न लालायित हुने छन् र जलवायु परिवर्तन, बेरोजगारी तथा पूँजीको केन्द्रिकरणको कारण उत्पन्न आर्थिक मन्दी तथा सामाजिक द्वन्द निवारणमा महत्त्वपूर्ण भूमिका खेल्न अगाडि आउने छन् ।

मानिस जन्मले नै उद्यमी हुन, अरुको कामदार होइन ।

पुनर्निर्माण कार्यक्रमको माध्यमबाट सरकार र नागरिक बिच कामको परम्परागत विभाजन तोड्नु आवश्यक छ । नागरिकको दायित्व उसको परिवारको हेरविचार गर्ने र कर तिर्ने हो र सरकारको दायित्व जलवायु परिवर्तन, रोजगारी, स्वास्थ्य, शिक्षा, खानेपानी लगायत साझा समस्याहरुको समाधान गर्ने कार्यहरु गर्नु हो भन्ने मान्यता रहि आएको छ । पुनर्निर्माण कार्यक्रमले राज्य र नागरिक बिचको यस्तो विभाजन रेखालाई तोड्न जरुरी छ र सबै नागरिकलाई अगाडि आएर आफ्नो प्रतिभा तथा क्षमता अनुसार सामाजिक उद्यमशीलता सिर्जना गरेर समस्या समाधानकर्ता भएर काम गर्न प्रोत्साहित गर्नु पर्छ । बढी भन्दा बढी संख्यामा त्यस्तो व्यवसायी बढाउन र व्यापक बनाउन सकेमा यस्तो व्यक्तिहरुको सानो प्रयासहरुले पनि समष्ठिगतमा एउटा वृहत राष्ट्रिय अभियानको रुप लिन्छ ।

सामाजिक उद्यमीहरुबाट तत्कालै सम्वोधन गर्न सकिने एउटा समस्या भनेको अर्थतन्त्र धरासयी भएको कारणबाट सिर्जना भएको बेरोजगारी हो । सामाजिक उद्यमका लागनीकर्ताहरुले यस क्षेत्रमा लगानी गरेर बेरोजगारलाई उद्यमीमा रुपान्तरण गर्न सक्छन् । मानिसहरु जन्मलेनै उद्यमी हुन काम खोजेर हिँड्ने कामदार होइन भन्ने देखाउन सक्छन् । सामाजिक उद्यमहरुले सरकारी प्रणालीसँग सहकार्य गरी स्वस्थ र सक्षम स्वास्थ्य प्रणाली निर्माणमा पनि संलग्न हुन सक्छ ।

सामाजिक व्यवसायको लगानीकर्ता एउटा व्यक्ति नै हुनु पर्छ भन्ने जरुरी छैन । लगानी कोष, फाउन्डेशन, ट्रष्ट, सामाजिक उद्यमशीलता व्यवस्थापन कम्पनी जस्ता संघसंस्थाहरुले पनि लगानी गर्न सक्छन् । नाफा उन्मुख कम्पनीका धनीहरु संग कसरी रामो सम्बन्ध कायम गर्ने र सहजीकरण गरी संग संगै काम गर्ने भन्ने तरिकाहरु सामाजिक व्यवसाय सम्बन्धित संघ संस्थाहरुलाई राम्ररी थाहा छ । सरकारहरु लगायत सबै जनमानस अहिले कोरोनाबाट भएको क्षति र विपतिबाट कसरी उन्मुक्ति पाउने भन्ने सोच र सन्तापमा सबै डुबेको छन् । नयाँ ढंगले काम गर्ने बेला यही हो । यसका लागि सरकारहरुबाट पुनर्निर्माणमा सहभागी हुन नयाँ सामाजिक व्यवसाय र उद्योगहरु शुरुवात गर्न सबै व्यवसायी, लगानीकर्तालाई एउटा आव्हान गर्नु पर्छ । उनीहरुलाई प्राथमिकता दिने छ भन्ने नीतिगत घोषणा गर्नुपर्छ । यस्तो घोषणाले ठूलो मान्यता राख्छ । अनुमानै नगरेको संख्यामा नयाँ नयाँ कार्यहरु, व्यवसायहरुको उदय हुन थाल्छ । के महिला के पुरुष, के युवा, के प्रौढ सबैले यस नयाँ पुनर्निर्माण कार्यक्रममा उत्साहित भएर सहभागी हुनेछन् । नेतृत्वको लागि यो एउटा परीक्षण पनि हो, अवसर पनि हो ।

हामी सँग सुरक्षित हुने ठाउँ हुने छैन

यदि हामीले कोरोनापछि सामाजिक तथा वातावरण सचेत कार्यक्रमहरु ल्याउन सकेनौँ भने कोरोनाको भन्दा धेरै गुणा ठूलो बिपत हाम्रो अगाडि आउने छ । हामी कोरोनाबाट आफ्नो घर बचाउन सकौँला तर अैले विश्वलाई नै पिरोलिएको जल्दाबल्दा सवालहरुलाई सम्बोधन गर्न सकेनौँ भने आक्रान्त मानवजगत र रिसाएको प्रकृतिबाट बच्न संसारभर कुनै ठाउँ हुने छैन ।

लेखक ग्रामिण विकास बैंक बंगलादेशका संस्थापक तथा सन् २००६ को नोबेल शान्ति पुरस्कार विजेता हुन् ।

(स्रोत : अन्नपूर्ण पोष्ट)

(पृष्ठ १ बाट ...)

स्वावलम्बन विकास केन्द्र ३० औँ ...

वित्तीय साक्षारता विकास गर्नको लागि राष्ट्रिय तथा क्षेत्रिय स्तरमा सभा, सम्मेलनको पनि आयोजना गर्ने गरेको छ । 'स्वच्छ लघुवित्त, हाम्रो अभियान' भन्ने मुल नाराका साथ अगाडि बढेको स्वावलम्बन विकास केन्द्रले लघुवित्त कार्यक्रम संचालन गरी रहेका संस्थाहरुलाई सदस्यता प्रदान गरी आफ्नो संजालमा व्यापकता दिदै आएको छ । हाल केन्द्रका संस्थापक सदस्य सहित १२ जना व्यक्तिगत सदस्य तथा देश भरी गरी ४३ वटा सदस्य संस्था छन् ।

स्वावलम्बन विकास केन्द्रले आफ्नो कार्यक्रमलाई अझ जनमुखी बनाउने क्रममा सदस्य संस्थाहरु मार्फत लघुवित्त सेवाग्राही सदस्यका छोरा-छोरीहरु तथा विदेशबाट फर्केका युवा-युवतीहरुलाई स्वदेशमा नै स्वरोजगारी दिने, स्वउद्यमी बन्ने अवसर तथा पूँजी उपलब्ध गराउने कार्यको थालनी गर्न लघुवित्त संस्थाहरुलाई प्रोत्साहित गर्ने पनि गरेको छ । स्वावलम्बन विकास केन्द्रले लघुवित्त क्षेत्रमा लघुउद्यमशीलता विकासमा उत्कृष्ट योगदान गर्ने संस्था र उत्कृष्ट काम गर्ने सदस्यहरुलाई लघुउद्यमशीलता पुरस्कारबाट सम्मानित पनि गर्दै आएको छ । केन्द्रले आउँदा दिनमा गरीबी निवारण तथा सबैलाई स्वदेश मै रोजगारीको अवसर श्रृजना गर्नको लागि सदस्य संस्थाहरु सित समन्वय गरी निरन्तर अगाडि बढ्ने अठोट गर्दछ ।

लघुवित्तले गरीब तथा बेरोजगारलाई

स्वदेश मै स्वउद्यमी बनाउने बेला भयो

स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठले लघुवित्त तथा सहकारी संस्थाहरुलाई आफ्नो कार्य क्षेत्रका गरीब तथा विपन्न समुदायको खोजी गरी उनीहरुलाई स्वरोजगार तथा उद्यमी बनाउन सुझाव दिएका छन् । अझै पनि समाजमा अति विपन्न व्यक्तिहरु रहेको हुंदा उनीहरुको खोजी गरी स्वउद्यमी तथा आत्मनिर्भर बनाउन आवश्यक रहेको र यो क्षमता लघुवित्त संस्थाहरु संग रहेको उनको धारणा थियो । श्रेष्ठले लघुवित्त तथा सहकारी संस्थाले अब मुनाफा भन्दा पनि उद्यमशीलतालाई प्रवर्द्धन गर्नु पर्ने बताएका छन् ।

कोरोना भाइरस महामारी र लकडाउनको कारण लघुवित्त क्षेत्रमा उत्पन्न समस्या र सिकाईबारे छलफल गरी आगामी कार्यदिशा निर्धारण गर्ने उद्देश्यले स्वावलम्बन विकास केन्द्रले २०७७ भदौ २ गते सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला स्थित किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका संचालक, उच्च व्यवस्थापक तथा शाखा प्रवन्धकहरुको सहभागिता रहेको वेविनार छलफल कार्यक्रमको आयोजना गरेको थियो ।

सो अवसरमा श्रेष्ठले कोरोना महामारी र लकडाउन पछि शाखा, सदस्य र सदस्यको पेशा एवं व्यवसायमा परेको प्रभावको विस्तृत विवरण तयार गरी आगामी कार्यदिशा तय गर्न पनि सुझाव दिएका छन् । सदस्य र उनीहरुको व्यवसायको सुरक्षा गर्न सके लघुवित्त र सहकारी संस्थाहरु स्वतः सुरक्षित हुने श्रेष्ठको भनाइ थियो । रणनीति बनाउनु अघि प्रत्येक शाखा मार्फत आफ्ना सदस्यहरुको वर्गीकरण गर्न तथा विदेश र शहरबाट गाउँ फर्केका युवाहरुको विवरण संकलन गरी तिनलाई आत्मनिर्भर र स्वरोजगार बनाउने उपाय खोज्न पनि सुझाएका छन् ।

अहिलेको अवस्थामा आफ्ना सदस्य र उनीहरुको व्यवसायको सुरक्षा गर्नु लघुवित्त संस्थाहरुको प्रमुख जिम्मेवारी भएको बताउदै श्रेष्ठले सदस्यहरुको मनोवल तथा आत्मविश्वास बढाउने काम गर्न

छलफलमा सहभागीहरू

भनेका छन् । यसै गरी व्यवसाय नराम्ररी प्रभावित भएर ऋण तिर्नै नसक्ने अवस्थामा पुगेका सदस्यहरुलाई कुनै प्रकारको त्रास र दवाव नदिन र त्यस्ता सदस्यहरुको कर्जाको भुक्तानी अवधि ६ महिना सम्मको लागि पुनर्तालिकीकरण गर्नु पर्ने उनको सुझाव थियो ।

छलफलमा किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष सुरेन्द्र कुमार शाहले संस्था पूर्ण रुपमा आत्मनिर्भर हुन लागेको र अब मुनाफा आर्जन भन्दा पनि गरीबी निवारण र उद्यमशीलता विकासमा जोड दिने धारणा राख्नु भएको छ । यसको लागि स्वावलम्बन विकास केन्द्रको साथ सहयोग तथा सहकार्य महत्वपूर्ण हुने उनको विचार थियो । साथै शाहले यसअघि पनि संस्थाले थुप्रै अवरोध भोगेको र कोरोना महामारीबाट सहजै मुक्ति भएर नयाँ ढंगले अगाडि बढ्ने जानकारी गराए ।

छलफलमा किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका संचालक सरोज कुमार शाहले कोरोना महामारी र लकडाउन पछि संस्थाले नया लगानी नगरेको, तरलता बढ्को, मुनाफा घट्को, खराब कर्जा बढ्को लगायत समस्या देखिएको बताएका थिए । यसका साथै सरकारबाट लघुवित्त तथा सहकारी क्षेत्रमा अहिलेको कठिन अवस्थामा सहयोग हुन नसकेको गुनासो गर्नु भयो । उहाँले आर्थिक कृयाकलाप ठप्प भएको वर्तमान अवस्थामा आन्तरिक लगानीलाई बढाउने तथा वाह्य ऋण घटाउने नीति लिएर अगाडि बढ्नु पर्ने धारणा राख्नु भयो । संस्थागत रुपमा राहत प्याकेजलाई अगाडि बढाएर सदस्यहरुको आर्थिक कृयाकलाप चलायमान बनाउनु पर्ने शाहको भनाइ थियो ।

उक्त वेविनार कार्यक्रममा बोल्दै किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका महाप्रवन्धक डम्वर बहादुर शाहले लघुवित्त तथा सहकारीको साख गिर्न नदिने प्रतिवद्धता जनाउनु भएको छ । उहाँले आफ्नो कार्यक्षेत्रमा रहेका विपन्न समुदायको जिवनस्तर माथि उकास्ने गरी विभिन्न कार्यक्रम ल्याउने धारणा राख्नु भयो । शाहले महामारी र लकडाउनको संकटबाट जोगिन संस्थाले नयाँ कार्यशैली अपनाएको जानकारी गराउनु भयो । सदस्यहरुको व्यवसायको सुरक्षा गर्न विभिन्न किसिमका राहत प्याकेज ल्याएको जानकारी दिनु भएको थियो । कर्मचारीको सुरक्षा गर्न तथा सेवालाई प्रभावकारी बनाउन संस्थाको अधिकांश कामहरु डिजिटल प्रविधिको माध्यमबाट गर्न थालिएको छ । शाहले हाल दैनिक रु. ५ देखि ६ लाखको कारोवार डिजिटल माध्यमबाटै हुन थालेको जानकारी पनि गराउनु भयो ।

(बाँकी पृष्ठ ८ मा)

(पृष्ठ ६ बाट ...)

मार्ग चित्र

१. संस्थाले आफ्नो कर्मचारीलाई कोरोना भाइरसको कारण देखिएको असहज परिस्थितिमा कुन ठाउँमा कसरी काम गर्न सकिन्छ विश्लेषण गरी सुरक्षाका मापदण्ड अपनाएर संचालन गर्न सम्भव भएका ठाउँका केन्द्रहरु संचालन गर्ने व्यवस्था मिलाउने । कोरोनाको त्रासमा रहेका सदस्यहरुलाई मनोपरामर्श दिने र सदस्यहरुको आत्मविश्वास बढाएर व्यवसाय पुनर्संचालन गर्न प्रोत्साहित गर्ने ।

२. २०७७ आषाढ मसान्तको विवरणको आधारमा शाखागत सदस्यहरुलाई निम्न चार प्रकार वर्गीकरण गर्ने :

(क) लकडाउनको समयमा पनि किस्ता (साँवा र ब्याज) बुझाउने

(ख) लकडाउनबाट व्यवसाय प्रभावित भएका तर समयमा ब्याज मात्र बुझाउने

(ग) लकडाउनले व्यवसाय पूर्णरुपमा प्रभावित भै ऋण तिर्न असमर्थ भएता पनि लकडाउन अगाडि नियमित रुपमा ऋण तिर्ने गरेका ।

(घ) कर्जा दुरुपयोग गरेका र धेरै संस्थाहरुबाट कर्जा लिएका, कर्जा भुक्तानीमा कुनै चासो नदिएका

उपरोक्त अनुसारको विवरण तयार गर्दा सदस्यको नाम, केन्द्र, ऋणको उद्देश्य (व्यवसाय), लिएको ऋण रकम, तिरेको रकम, बाँकी रकम, भाखा नाघेको रकम (सांवा र ब्याज) जस्ता विवरण उल्लेख गर्ने ।

३. प्रत्येक शाखा प्रवन्धकले सदस्यहरुलाई पुनरस्थापना गर्ने काम गर्ने । सदस्यको व्यवसायको अवस्था पहिचान गरी केस हेरेर बढीमा ६ महिना भित्र किस्ता भुक्तानी हुने गरी पुनर्तालिकीकरण गर्ने । यसका लागि केन्द्रिय कार्यालयले आवश्यक निर्देशन पठाउने ।

४. शाखा प्रमुखहरुले आफ्नो कार्य क्षेत्र भित्र कहीँबाट सेवा प्राप्त नगरेका दिनहीन, निमुखा, गरीब परिवार कहाँ-कहाँ छन् खोजी गरी उनीहरुको विवरण तयार गर्ने । उनीहरुको दक्षता, क्षमता र संभाव्य ईलम पहिचान गरी आवश्यक तालिम दिई स्वरोजगार बन्ने अवसर प्रदान गर्न विशेष कार्यक्रम संचालन गर्ने ।

५. सदस्यहरुको मनोवल उच्च राख्न तथा संस्था प्रतिको आत्मीयता र लगावलाई सुदृढ पार्न उनीहरुलाई अहिले कर्जा तिर्न कुनै प्रकारको दवाव नदिने । असुलीका नाममा उनीहरुको कतैबाट पनि मानमर्दन तथा दुर्व्यवहार हुने काम नगर्ने ।

६. कृषिलाई आधुनिकीकरण गरेर कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउन प्रविधिको विकास तथा प्रयोग गर्न दक्ष कृषि प्राविधिक भर्ना गर्ने र सदस्यको दैलोमा पुगेर प्राविधिक ज्ञान दिई सदस्यलाई कृषि व्यवसाय सुधार र विस्तारमा सघाउ पुऱ्याउने ।

७. शाखाहरुले सदस्यलाई दिएको कर्जाबाट सदस्य स्वरोजगार र उद्यमी बन्यो कि बनेन अनिवार्य अनुगमन गर्ने र उनीहरुको व्यवसाय सुदृढ बनाउन प्राथमिकता दिई कार्यक्रम संचालन गर्ने गराउने ।

८. डिजिटल प्रविधिको प्रयोग र विकासलाई प्राथमिकता दिई सदस्य मांझ आफ्नो सेवालाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउने । आन्तरिक रुपमा केन्द्रिय कार्यालयबाट पनि फिल्ड कार्यालय संग निरन्तर संचार समन्वय कायम राख्ने ।

९. संस्थाका प्रमुखले आफ्नो क्षेत्र भित्रको सबै भन्दा पिछडिएको विपन्न समुदाय रहेको एउटा गाउँको छनौट गरी त्यहाँ रहेको स्रोत र साधनको पहिचान गरी प्रोफाइल तयार गर्ने र सो गाउँलाई वातावरणमैत्री एवं गरीब रहित नमुना गाउँको रुपमा विकास गर्दै लैजाने र सोलाई दृष्टान्त बनाई प्रत्येक शाखा प्रबन्धकलाई पनि यस्तो एउटा परियोजना संचालन गर्न लगाउने ।

१०. संस्थाले आफ्नो कृषि फार्मलाई कृषि अध्ययन, अनुसन्धान, एवं तालिम केन्द्रको रुपमा विकास गरी आफ्ना सदस्य तथा त्यस भेगका कृषि उत्पादन तथा प्रविधिको विकासमा जोड दिने ।

११. सदस्यका छोराछोरीहरुलाई उद्यमी बन्न तथा घरमै रोजगारीको वातावरण श्रृजना गर्न तिनीहरुको सीप तथा रुचि पहिचान गरी आवश्यक तालिम दिएर दोस्रो पुस्ताका सदस्य तयार गर्ने ।

१२. विदेश एवं शहरबाट गाउँ फर्केका युवालाई गाउँमै स्वरोजगार तथा आत्मनिर्भर बनाउने गरी उनीहरुको सीप, क्षमता, चाहना तथा अनुभवको विवरण तयार गरी सोही आधारमा व्यवसाय विकासको निम्ति योजना तर्जुमा गर्ने । यस्ता युवाहरु लक्षित गरी शाखा स्तरमा अन्तरक्रिया संचालन गर्ने ।

१३. लघुवित्तको मर्म अनुसार गर्न हुने र गर्न नहुने कामको विवरण बनाएर कर्मचारी मांझ संचार गर्ने । कर्मचारीलाई समय समयमा पुनर्ताजगी तालिम दिने ।

१४. धेरै संस्थाबाट ऋण लिएकालाई सदस्य नबनाउने र दोहोरोपना हुने गरी कर्जा नदिने ।

१५. सहकारी संस्थाहरु संगको वेविनारमा तर्जुमा भएको मार्ग चित्र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । त्यसमा अन्तरनिहित सन्देश सबै तहका कर्मचारीमा पुऱ्याउने ।

(पृष्ठ २ बाट ...)

कोरोना महामारी ...

कारण उत्पन्न संकटको घडीमा सदस्य र उनीहरुको व्यवसायको सुरक्षा गर्नु लघुवित्तकर्मीहरुको प्रमुख दायित्व भएको धारणा राखेका छन् । यसका लागि कुन क्षेत्रमा र कुन व्यवसायमा कस्तो प्रकारको क्षति भएको छ त्यसको विश्लेषण गर्ने र सोही अनुरुप योजनाहरु ल्याउन सहकारीहरुलाई सुझाव दिए । "२०७७ असार मसान्त सम्मको सबै आँकडा निकालौँ, त्यसको सुक्ष्म विश्लेषण गरौँ त्यही अनुरुप योजनाहरु अगाडि बढाऔँ" श्रेष्ठको भनाइ थियो ।

श्रेष्ठले वर्तमान अवस्थामा सहकारी तथा लघुवित्तकर्मीलाई हतोत्साहित नहुन र थप गरीबमुखी भएर काम गर्न सल्लाह दिएका छन् । शोषित, पिडित, दिनहीनलाई खोजि गरी प्राथमिकता दिई कार्यक्रममा समावेश गर्नु पर्ने श्रेष्ठको धारणा थियो । श्रेष्ठले संस्थाका प्रमुख कार्यकारी अधिकृत स्वयम्ले आफ्नो क्षेत्र भित्रको सबै भन्दा पिछडिएको विपन्न समुदाय रहेको एक गाउँको छनौट गरी त्यहाँ रहेको स्रोत र साधनको पहिचान गरी प्रोफाइल तयार गर्ने र सो गाउँलाई वातावरण मैत्री नमुना गाउँको रुपमा विकास गर्दै लैजाने र सोलाई दृष्टान्त बनाई प्रत्येक शाखा प्रबन्धकलाई पनि यस्तो एउटा परियोजना संचालन गर्न लगाउन सुझाव दिए । यसै गरी संस्थाको मुनाफा भन्दा पनि सदस्यहरुको आर्थिक तथा सामाजिक अवस्था माथि उठ्ने योजनाहरुमा जोड दिनु पर्ने, सदस्यहरुको वर्गीकरण गरेर अगाडि बढ्नु पर्ने, विगतमा भएका कमी कमजोरी सुधारेर जानु पर्ने, धेरै मुनाफा बाँडने भन्दा समाज परिवर्तनमा प्रभावकारी योजना बनाउनु पर्ने तथा कर्जा असुलीको लागि सदस्यलाई अनुचित दवाव र दुर्व्यवहार हुने खालका कार्य तत्काल बन्द गर्नु पर्ने जस्ता सुझाव दिएका थिए ।

यस अघि सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत महेन्द्र कुमार गिरीले दुर्व्यवहार हुने कुराले लघुवित्तको छवि विग्रन सक्ने तर्फ सचेत हुनु पर्ने बेला आएको धारणा राखेका थिए । "इलाम जिल्लामा लघुवित्तको मर्म अनुसार काम नभएको भन्ने समाचार मिडीयामा आएको छ । अन्त पनि यस्ता समस्या बाहिर नआउलान भन्न सकिन्न । त्यसैले त्यस्तो कुरामा हामीले ख्याल गर्नु पर्ने अवस्था छ ।" गिरीको भनाइ थियो । गिरीले वर्तमान संकटबाट जति सक्दो चाँडो कृषि, आवास, उद्यम विकासलाई केन्द्रमा राखेर क्रमसः लगानीको क्षेत्रलाई पुनर्डिजाइन गर्ने योजना बनाएको अनुभव पनि सुनाएका थिए ।

छलफलमा सहभागीहरुले लघुवित्तमा संलग्न सहकारीले भोगेका चुनौतिहरु बारे अनुभव आदान प्रदान गरेका थिए । जसमा कोरोना महामारी पछि लगानी जोखिम बढेको, तरलता बृद्धि भएको, अधिकांस सदस्यको व्यवसाय प्रभावित भएर आम्दानी घटेको, सदस्य छोड्ने जोखिम बढेको, लगानी घटेको जस्ता समस्याहरु थपिएको अनुभव सुनाएका थिए । संक्रमणको त्रास र लकडाउनको कारण आगामी दिन कसरी अगाडि बढ्ने भन्ने अन्यौलता सबै भन्दा ठूलो चुनौती रहेको सहभागीहरुको धारणा थियो ।

वेविनारमा सहभागीहरुले वर्तमान संकट समाधानको लागि आफूले गरेका काम तथा योजनाहरु बारे पनि जानकारी गराएका थिए । जस मध्ये अवस्था अनुसारको व्यबस्था गरेर अगाडि वढने नीति अवलम्बन गरेको, जुन ठाउँमा जुन खालको काम गर्न सकिन्छ त्यो मात्र काम गर्ने योजना बनाएको, विदेशबाट आएकाहरुको विवरण संकलन गरी उनीहरुको लागी योजनाहरु ल्याउन काम भैरहेको, कामलाई प्रविधिमैत्रि बनाएर डिजिटल माध्यमबाट काम गर्ने नीति लिएको, सदस्यका छोराछोरीलाई पनि उद्यममा लगाउन योजना बनाएको, समाजमा गरीब वर्ग खोज्दै अगाडि बढ्ने योजना ल्याएको, सदस्यहरुको प्रोफाइल विवरण बनाउने काम गरी रहेको, सदस्यहरुलाई आधुनिक कृषि औजार तथा उन्नत विउ उपलब्ध गराउने व्यवस्था गरेको, सदस्यको व्यवसाय स्थलमा पुगेर अनुगमन गर्ने गरेको जस्ता योजनाहरु ल्याएर संकटको सामना गरी रहेको जानकारी गराएका थिए ।

संस्थाका अध्यक्ष, प्रमुख कार्यकारी तथा उच्च व्यवस्थापनलाई लक्षित गरी आयोजना गरिएको यस वेविनार छलफलमा सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नवोदय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, महिला सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, ग्लोवल बहुमुखी सहकारी संस्था लिमिटेड, आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सिवाईसि बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पायनियर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बौद्ध ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, नवजीवन सहकारी संस्था लिमिटेड र श्री उदयदेव बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका प्रतिनिधिहरुको सहभागिता थियो ।

(पृष्ठ ६ बाट ...)

लघुवित्तले गरीब ...

छलफलको पहिलो सत्रमा लकडाउन अवधिमा शाखाहरुबाट भए गरेका कामको विवरण, सदस्य र कर्मचारी तहमा देखा परेका चुनौतिहरु लगायत शाखाहरुको समग्र प्रशासनिक तथा वित्तीय अवस्था बारे शाखा प्रमुखहरुले प्रस्तुति दिएका थिए । प्रस्तुतीका क्रममा शाखा प्रवन्धकहरुले लकडाउनको अवधिमा पनि शाखाहरुको असुली राम्रो भएको, धेरै जसो सदस्यका व्यवसायहरु ठप्प भएको, तरलता बढेको, लगानी घटेको, भाका नाघेको कर्जा बढेको जस्ता तथ्य प्रस्तुत गरेका थिए । कोरोना संक्रमण अनिश्चित भएर त्रासको वातावरण भएको हुंदा सदस्यहरुको आत्मविश्वास घटेको र थप योजना बनाउन अन्यौल सिर्जना भएको कुरा आएका थिए ।

छलफलमा किसान बहुउद्देश्यीय सहकारी संस्था लि. का संचालक सदस्यहरु पति राम चौधरी, चन्द्रा सिंह, मनिराम न्यौपाने, लघुवित्त प्रमुख रण बहादुर साउद, आ. ले. प. प्रकाश कुमार जि.सी, इलाका प्रवन्धकहरु भरत बहादुर रावल, गोरख बहादुर शाह, शाखा प्रवन्धकहरु जय शंकर न्यौपाने, दुर्गा प्रसाद उपाध्याय, सपना ओली, डम्बर जैसी, नवराज देवकोटा, खकेन्द्र देवकोटा, विनोद मिजार, चक्र भण्डारी र लोकेन्द्र सुनारको सहभागिता थियो ।

वेविनारमा स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले सहभागीहरुको स्वागत गर्नुका साथै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । उक्त वेविनार छलफलमा केन्द्रका निर्देशक सतिस कुमार श्रेष्ठ, अधिकृत रेणु प्रजापति, चन्द्रकान्त पण्डित र सहायक टसि ल्हामु शेर्पाको पनि सहभागिता रहेको थियो ।

संकट बुझौं र समाधान खोजौं

स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठले लघुवित्तको मुल मर्म कायम राख्दै कोरोना महामारी र लकडाउन संकटको सामना गर्न लघुवित्तकर्मीहरुलाई सुझाव दिएका छन् । स्वावलम्बन विकास केन्द्रले २०७७ श्रावण ७ गते नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेडको उच्च व्यवस्थापन तथा १० वटा शाखा प्रवन्धकहरुको सहभागितामा आयोजना गरेको छलफल कार्यक्रममा श्रेष्ठले यस्तो धारणा राखेका हुन् । कोरोना भाइरस महामारी र लकडाउनको कारण लघुवित्त क्षेत्रमा उत्पन्न समस्या र सिकाईबारे छलफल गरी आगामी कार्यदिशा निर्धारण गर्ने उद्देश्यले उक्त अनलाईन छलफल आयोजना गरीएको थियो ।

सो अवसरमा श्रेष्ठले कोरोना महामारी र लकडाउन पछि शाखा र सदस्यहरुमा परेको असरको विस्तृत विवरण तयार गरी आगामी कार्यदिशा तय गर्न पनि सुझाव दिएका छन् । रणनीति बनाउनु अघि प्रत्येक शाखा मार्फत आफ्ना सदस्यहरुको वर्गीकरण गर्न तथा विदेश र शहरबाट गाउँ फर्केका युवाहरुको विवरण संकलन गरी तिनलाई आत्मनिर्भर र स्वरोजगार बनाउने उपाय खोज्न पनि सुझाएका छन् ।



छलफलमा सहभागीहरू

लकडाउन हटेकाले अब सुरक्षाको उपाय अपनाएर केन्द्र वैठक शुरु गर्नु पर्ने, सदस्यहरुको आत्मविश्वास बढाउन सजग हुनु पर्ने, नराम्ररी प्रभावित भएर ऋण तिर्नै नसक्ने अवस्थामा पुगेका सदस्यहरुलाई ऋण तिर्न दवाव नदिन र त्यस्ता सदस्यहरुलाई भुक्तानी कार्यतालिका बनाई ६ महिना सम्मको लागि पुनर्तालिकीकरण गर्नु पर्ने उनको सुझाव थियो ।

छलफलमा नेरुडे लघुवित्त वित्तीय संस्थाका अध्यक्ष डा. भेष प्रसाद धमला, संचालक मणी कुमार अर्ज्याल, प्रवन्ध निर्देशक सुधिर कुमार श्रेष्ठ तथा विभागीय प्रमुखहरुको पनि सहभागिता थियो ।

सो क्रममा अध्यक्ष डा. धमलाले गरीबी निवारणमा ठूलो योगदान गरेको लघुवित्त क्षेत्र पछिल्लो समय उपेक्षित भएको उनको गुनासो थियो । यसका लागि लघुवित्त संस्थाहरुले आफ्ना उपलब्धीहरु सबैले देख्ने गरी बाहिर ल्याउनु पर्ने धारणा पनि राखेका थिए । लघुवित्तहरुको संख्या धेरै हुँदा यो

(बाँकी पृष्ठ ११ मा)

मार्ग चित्र

१. लकडाउन खुलेको हुँदा संक्रमण कायमै रहेको क्षेत्रमा बाहेक अन्य ठाउँमा सुरक्षाका उपाय अपनाएर केन्द्र संचालनको प्रकृया शुरु गर्ने । सदस्यहरुको आत्म विश्वास बढाएर व्यवसाय पुनर्संचालन गर्न प्रोत्साहित गर्ने ।

२. अघिल्लो वेविनारमा तर्जुमा भएको मार्गचित्र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । त्यसमा अन्तरनिहित सन्देश सबैमा पुऱ्याउने ।

३. सदस्यहरुको व्यवसाय, व्यापार तथा आम्दानीको विश्लेषण गरेर लकडाउनमा असुल नभएको किस्ता योजना सहित असुल नभएको किस्ताको बढीमा ६ महिनाको अवधि राखेर मासिक रुपमा पुनर्तालिकीकरण गर्ने ।

४. धेरै संस्थाबाट ऋण लिई कर्जा नतिर्ने खराब सदस्यको विवरण तयार गर्ने । कर्जा नतिर्ने खराब सदस्यको हकमा कर्जा असुली गर्ने उपाय खोज्ने र थप लगानी नगर्ने व्यवस्था मिलाउने ।

५. ऋणी सदस्यहरुको वर्गीकरण गर्दा सदस्यले के व्यवसाय गरेको छ । सो पनि उल्लेख गर्ने व्यवस्था मिलाउने ।

६. कर्जा नतिरेको अवस्थामा पनि सदस्यहरुलाई दुर्व्यवहार नगर्न कर्मचारीहरुलाई सजग गराउने ।

७. केन्द्रिय कार्यालयबाट फिल्ड कार्यालय संग निरन्तर संचारको व्यवस्था मिलाउने ।

८. सदस्यहरुलाई कोरोनाबाट बच्ने उपायहरु सम्वन्धमा सचेत गराउने ।

९. दोहोरोपना हुने गरी कसैलाई पनि सदस्य नबनाउने र कर्जा प्रवाह नगर्ने ।

१०. प्रादेशिक तहको भाईवर समूह बनाएर नियमित रुपमा सन्देश आदान प्रदान गर्ने । त्यसमा संचालकहरु र केन्द्रिय कार्यालयका वरिष्ठ अधिकृतहरुलाई पनि समावेश गर्ने ।

११. शाखा प्रवन्धकहरु संग प्रदेश अनुसार केन्द्रिय कार्यालयबाट वेविनार आयोजना गर्ने ।

कोरोनाको कारण उत्पन्न संकट समाधानको

उपाय खोज्दै लघुवित्तकर्मीहरू

स्वावलम्बन विकास केन्द्रले २०७७ भाद्र १७ गते प्रदेश ५ को बाँके जिल्ला स्थित युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडका संचालक, उच्च व्यवस्थापक तथा शाखा प्रवन्धकहरुको सहभागितामा अनलाइन वेविनार कार्यक्रम आयोजन गरेको थियो । सो छलफल कार्यक्रममा केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठले कोरोना महामारी र लकडाउनबाट शाखा र सदस्यहरुको व्यवसायको पछिल्लो अवस्था विश्लेषण गरी सोही अनुरुप कार्य योजना बनाएर अघि वढ्न संचालक, उच्च व्यवस्थापक तथा शाखा प्रबन्धकहरुलाई सुझाव दिएका छन् । श्रेष्ठले शाखाहरुले व्यवसायगत रुपमा कुन व्यवसायमा कति लगानी भएको छ, महामारी र लकडाउनले कुन सदस्य र कस्तो व्यवसायमा कस्तो प्रभाव परेको छ सुक्ष्म समिक्षा गरी स्थिति विवरण तयार गर्न र सदस्यको वर्गीकरण गर्न सल्लाह दिएका छन् ।

फिल्ड स्तरबाट संकलित विवरणको प्रभाव विश्लेषण गरी बढीमा ६ महिनाको लागि कर्जाको पुर्नतालिकीकरण गर्ने, कृषि क्षेत्रको विकास तथा उत्पादनमा टेवा दिन स्थान सुहाउँदो नयाँ लगानीका क्षेत्र पहिचान एवं प्राथमिकता निर्धारण गरी लगानी गर्ने, बढी समस्याग्रस्त शाखाहरुको केन्द्रबाट निरन्तर अनुगमन गर्ने, आवश्यकता अनुरुप नयाँ योजनाहरु तर्जुमा गर्ने लगायत कामको थालनी गरी संकट समाधान गर्नु पर्ने धारणा राखेका थिए ।

छलफलका क्रममा लघुवित्तको मुल उद्देश्य, सिद्धान्त र संस्कार अनुरुप लघुवित्त प्रणाली अगाडि बढाउन अत्यावश्यक भएको बताउदै श्रेष्ठले लघुवित्त संस्थाहरु आर्थिक प्रगति गरेर मात्र नहुने सामाजिक रुपमा पनि सक्षम र सफल हुनु पर्ने धारणा राखेका थिए । यस्तै श्रेष्ठले सदस्य संख्या बढाउनु भन्दा भएका निस्कृय सदस्यलाई कृयाशील बनाउनु पर्ने, सदस्यहरुलाई कुनै प्रकारको दुर्व्यवहार नगर्ने, सदस्य र कर्जाको दोहोरोपना बन्द गर्ने र लघुवित्तमा उब्जेका विकृति र विचलन रोक्न पनि आग्रह गरेका छन् ।

छलफलमा सहभागीहरू

उक्त छलफलमा यूनिक नेपाल लघुवित्त वित्तीय संस्थाका संचालक समिति सदस्य सन्तराम धरकटुवा थारुले वर्तमान संकटको अवस्थामा आफु सुरक्षित, सचेत र उत्साहित भएर काम गर्न सुझाव दिएका थिए । छलफलमा सहभागी शाखा प्रबन्धकहरुलाई लक्षित गर्दै धरकटुवाले वर्तमान प्रतिकुल अवस्थालाई अनुकुल वातावरणमा परिणत गर्न सक्नु असल व्यवस्थापकको विशेषता भएको धारणा राखेका थिए । यस्तै संचालक समिति सदस्य शिवबहादुर चौधरीले सदस्यहरुलाई संस्था प्रति अपनत्व महशुस हुने गरी काम गर्नु पर्ने र यसो हुन सके संस्था आर्थिक रुपमा आफै सवल हुने र दोहोरोपना लगायत लघुवित्त क्षेत्रमा देखिएका समस्याहरु आफै हराएर जाने धारणा राखेका थिए ।

छलफलका क्रममा युनिक नेपाल लघुवित्त वित्तीय संस्थाका कार्यकारी निर्देशक डा. गोपाल दहितले संस्थाको समग्र अवस्था तथा भावि योजना बारे आफ्नो धारणा राखेका थिए । डा. दहितले कोरोना महामारी र लकडाउनका कारण संस्थामा ऋणी सदस्य घटेको, लगानी घटेको, तरलता बढेको, वित्तीय आत्मनिर्भरता घटेको, धेरै जसो सदस्यहरुको व्यवसाय संकटमा परेको, भाका नाघेको रकम र जोखिममा रहेको कर्जा बढेको जस्ता समस्याहरु देखिए पनि समग्रमा संस्था घाटामा नरहेको तथ्य प्रस्तुत गरेका थिए । सो अवसरमा डा. दहितले लागि आर्थिक बर्ष २०७७।७८ लाई उद्यमशीलता विकास बर्षको रुपमा मनाउने, कर्जा विश्लेषण र कर्जा सदुपयोगितालाई चुस्त दुरुस्त बनाउने, निस्कृय सदस्यहरुलाई सक्रिय बनाएर ऋणी सदस्य कम्तिमा ९० प्रतिशत पुऱ्याउने लगायत योजनाहरु रहेको जानकारी गराउनु भएको थियो ।

छलफलमा युनिक नेपालका १० वटा शाखा प्रवन्धकहरुले आ-आफ्नो शाखाको वित्तीय सुचकांक सहित सदस्यको अवस्था र व्यवसाय, शाखा स्तरबाट वर्तमान अवस्थामा भए गरेका कामहरु बारे जानकारी गराएका थिए ।

स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख वेचन गिरीले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य तथा औचित्य माथि प्रकाश पार्नु भएको उक्त वेविनारमा केन्द्रका निर्देशक सतिश कुमार श्रेष्ठ, अधिकृत रेणु प्रजापती, चन्द्र कान्त पण्डित र सहायक टसि ल्हमु शेर्पाको पनि सहभागिता थियो ।

मार्ग चित्र

१. संस्थाले आफ्नो कर्मचारीलाई कोरोना भाइरसको कारण देखिएको असहज परिस्थितिमा कुन ठाउँमा कसरी काम गर्न सकिन्छ ?, विश्लेषण गरी सुरक्षाका मापदण्ड अपनाएर सञ्चालन गर्न सम्भव भएका ठाउँका केन्द्रहरुको आवश्यक परेमा स्वरुप (Modality) हेरफेर गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने । कोरोनाको त्रासमा रहेका सदस्यहरुलाई मनोपरामर्श दिने र उनीहरुको आत्मविश्वास बढाएर व्यवसाय पुनःसञ्चालन गर्न प्रोत्साहित गर्ने ।

२. २०७७ असार मसान्तको विवरणको आधारमा सदस्यहरुको ऋण भुक्तानी र व्यवसायिक स्थितिको मुल्याङ्कन गरी अविलम्ब यस अघिको मार्गचित्रमा निर्धारण गरे अनुरुप सदस्यहरुलाई चार वर्गमा वर्गीकरण गर्ने । यसको आधारमा किस्ता पुनरतालिकीकरण गर्ने काम २०७७ भदौं मसान्त भित्र सम्पन्न गर्ने, सोही अनुसार असुली गर्ने, तथा कर्जा दोहोरोपना गर्ने सदस्यलाई थप ऋण नदिने नीति क्रमिक रुपमा कडाईका साथ अवलम्बन गर्ने ।

३. कार्यकारी निर्देशकको प्रत्यक्ष निगरानीमा अत्यधिक भाखा नाघेका शाखाहरुको विवरण तयार गरी कर्जा असुली कार्यतालिका बनाई कार्यान्वयन गर्ने नीति अवलम्बन गर्ने । यस्तै गुणस्तरीय एवं सुरक्षित कर्जाको सुनिश्चितता कायम गर्न आन्तरिक निरीक्षण तथा अनुगमन विभागलाई सबलीकरण गर्न आवश्यक व्यवस्था गर्ने ।

४. यस आर्थिक बर्ष २०७७।७८ को लक्ष निर्धारण गर्दा कर्मचारीहरुलाई नयाँ सदस्य बृद्धिको लक्ष प्राथमिकतामा नराखी निष्कृय सदस्यलाई सकृय बनाउने तथा निष्कृय सदस्य १० प्रतिशतमा झार्ने नीति अवलम्बन गर्ने । तर, एक हजार पाँच सयभन्दा कम सदस्य रहेको शाखामा सदस्य विस्तार गर्ने, साथै कोरोना भाइरस तथा लकडाउनबाट सदस्यहरुले सञ्चालन गरेका कुन कुन व्यवसायमा कुन हदसम्मको प्रभाव परेको छ भन्ने बारेमा विवरण तयार गर्ने ।

५. सदस्यहरुको मनोबल उच्च राख्न तथा संस्था प्रतिको आत्मीयता र लगावलाई सुदृढ पार्न सहयोगी भूमिका खेल्ने । कर्जा असुलीको नाममा उनीहरुको कतैबाट पनि मानमर्दन तथा दुर्व्यवहार हुने काम नगर्ने ।

६. कृषिलाई आधुनिकीकरण गरेर कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउन तथा आधुनिक प्रविधिको विकास तथा प्रयोग गर्न दक्ष कृषि प्राविधिक भर्ना गर्ने र सदस्यको दैलोमा पुगेर प्राविधिक ज्ञान दिई सदस्यलाई कृषि व्यवसाय सुधार र विस्तारमा सघाउ पुऱ्याउने ।

७. शाखाहरुले सदस्यलाई दिएको कर्जाबाट सदस्य स्वरोजगार र उद्यमी बन्यो कि बनेन अनिवार्य अनुगमन गर्ने र उनीहरुको व्यवसाय सुदृढ बनाउन प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्ने गराउने ।

८. डिजिटल प्रविधिको प्रयोग र विकासलाई प्राथमिकता दिई सदस्य माझ आफ्नो सेवालाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउने । आन्तरिक रुपमा केन्द्रिय कार्यालयबाट पनि फिल्ड कार्यालयसँग निरन्तर सञ्चार समन्वय कायम राख्ने ।

९. वर्तमान अवस्थालाई दृष्टिगत गरी आक्रामकरुपमा कर्जा विस्तार नगर्ने, सदस्यको आवश्यक्ता र क्षमता विश्लेषण गरी सदस्यले पूर्व उपभोग गरेको रकम बराबर कर्जा दिने कार्य नीति अख्तियार गर्ने ।

१०. सदस्यका छोराछोरीहरुलाई उद्यमी बन्न तथा दैलोमै रोजगारीको वातावरण श्रृजना गर्न तिनीहरुको सीप तथा रुचि पहिचान गरी आवश्यक तालिम दिएर दोस्रो पुस्ताका सदस्य तयार गर्ने ।

११. विदेशबाट गाउँ फर्केका युवालाई गाउँमै स्वरोजगार तथा आत्मनिर्भर बनाउने गरी उनीहरुको सीप, क्षमता, चाहना तथा अनुभवको विवरण तयार गरी नमूनाको रुपमा २०-२५ जना युवाको समूहलाई शाखा स्तरमा अन्तरक्रिया सञ्चालन गर्ने ।

१२. लघुवित्तको मर्म अनुसार गर्न हुने र गर्न नहुने कामको विवरण बनाएर कर्मचारीलाई पुनर्ताजगी तालिम दिने ।

(पृष्ठ ९ बाट ...)

संकट बुझौं र ...

क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा बढेको उनको बुझाई थियो । 'अब लघुवित्तले आफ्नो साख जोगाइ राख्न संख्या घटाएर सेवा विस्तारमा जोड दिनु पर्छ', डा. धमलाको भनाई थियो ।

उक्त अवसरमा व्यवस्थापनका तर्फबाट संस्थाको आगामी रणनीति थोरै साधन र स्रोतबाट धेरै भन्दा धेरै सदस्यहरुलाई सेवा प्रवाह गर्ने खालको हुनु पर्नेमा जोड दिईएको थियो । यसको लागि प्रविधि मैत्रि भएर प्रभावकारी सेवा विस्तार गर्न र मितव्ययी भएर काम गरे मात्र संस्था वलियो हुने र संकटबाट मुक्त हुने संचालक तथा व्यवस्थापकको धारणा थियो । यो संगै ब्याजदरको १५ प्रतिशत सिमा तोकेर लघुवित्त क्षेत्रलाई मौद्रिक नीतिले समस्यामा पारेको वक्ताहरुको गुनासो थियो ।

छलफलमा सहभागी १० वटै शाखा प्रमुखहरुले प्रस्तुति दिएका थिए । प्रस्तुतीका क्रममा शाखा प्रवन्धक हरुले लकडाउनको अवधिमा पनि शाखाहरुको ९० प्रतिशत ब्याज असुली भएको, ५० प्रतिशत किस्ता असुली भएको, थप लगानी हुन नसकेको, भाका नाघेको कर्जा बढेको जस्ता तथ्य प्रस्तुत गरेका थिए ।

स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले संयोजन गर्नु भएको उक्त छलफलमा केन्द्रका निर्देशक सतिस कुमार श्रेष्ठ, वरिष्ठ अधिकृत सोपन विष्ट, अधिकृत रेणु प्रजापति, प्रज्वल तुलाधर, चन्द्रकान्त पण्डित र सहायक अधिकृत दिपेन्द्र जोशीको पनि सहभागिता रहेको थियो ।

लकडाउनले पारेको प्रभाव

अध्ययन गरी रणनीति तय गरौं

स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठले लघुवित्त संस्थाहरुलाई आफ्ना प्रत्येक ऋणी र सदस्यहरुको अवस्था बारे विस्तृत अध्ययन गरी सोहि अनुसार कोरोना विरुद्धको आगामी रणनीति अवलम्वन गर्नु पर्ने सुझाव दिएका छन् । कोरोना भाईरस (कोभिड-१९) महामारीको कारण भएको लकडाउनले लघुवित्त संस्थाका सदस्यहरुलाई एकनासले नभई फरक फरक किसिमको समस्या पारेको हुँदा केन्द्र र शाखाले समन्वय गरी सदस्यहरुको अवस्था बुझ्ने र सोही अनुरुप रणनीति बनाउनु आवश्यक रहेको श्रेष्ठको धारणा थियो । "लकडाउन खुकुलो भएकाले सम्भव भए घरमै गएर नभए टेलिफोन, इमेल वा अन्य

(बाँकी पृष्ठ २० मा)



छलफलमा सहभागीहरू

मार्ग चित्र

१) बन्दाबन्दी (Lockdown) खुकुलो भएको अवस्थाले तत्काल संचालक, उच्च व्यवस्थापनका कर्मचारीहरु बसी नोभेल कोरोना भाइरस (कोभिड १९) महामारी तथा बन्दाबन्दी (Lockdown) ले लघुवित्त कार्यक्रममा पारेको प्रभाव बारे समिक्षा तथा भावी रणनीति तयार गर्ने सम्बन्धमा छलफल गर्ने ।

२) संस्थाले आफ्नो प्रत्येक शाखाको यस महामारीले पारेको प्रभावको विश्लेषण गर्न शाखाहरुको बर्गीकरण गर्ने तथा शाखाको स्थिति विवरण (Profile) तयार पार्ने ।

३) प्रत्येक शाखाले निम्नानुसार सदस्यहरुको वर्गीकरण र कर्जाको स्थिति विवरण तयार गर्ने ।

(क) लकडाउनको समयमा पनि किस्ता (सांवा र ब्याज) बुझाउने

(ख) लकडाउनको समयमा ब्याज मात्र बुझाउने

(ग) लकडाउनले व्यवसाय पूर्णरुपमा बन्द भै ऋण तिर्न असमर्थ भएको अनुशासित सदस्य

(घ) कर्जा दुरुपयोग गरेका र धेरै संस्थाहरुबाट कर्जा लिएका कर्जा भुक्तानीमा कुनै चासो नदिएका

४) संस्थाले आफ्नो कर्मचारीको मनोबल उच्च राख्न यस महामारी तथा बन्दाबन्दी (Lockdown)को अवधिमा आफ्नो घर परिवार नसम्झी संस्था तथा सेवाग्राही सदस्यको हितलाई सर्वोपरि मानी काम गर्न प्रोत्साहित गर्ने ।

५) प्रत्येक संस्थाले आफ्नो सदस्य सम्पर्क गरी हतोत्साहित नहुन र मनोबल बढाउन प्रोत्साहित गर्ने ।

६) अहिलेको अवस्थामा आक्रामक (Aggressive) रुपमा कर्जा विस्तार नगरी सदस्यको अवस्था र आवश्यक्ता हेरी न्यूनतम कर्जा प्रवाह गर्ने ।

७) संस्था प्रति सेवाग्राही सदस्यहरुको सदासयता तथा आत्मीयता कायम राख्न सदस्यहरुले चुक्ता गरेका किस्ता रकम बराबर कर्जा दिने प्रबन्ध गर्ने ।

८) आफ्नो मात्र संस्थामा सदस्य भएको तथा अनुशासित भै नियमित कर्जा लिने र तिर्ने सदस्यलाई प्राथमिकता दिने ।

९) सदस्य तथा शाखामा कोरोना भाईरस प्रभावको वास्तविकता बुझ्न तथा कर्मचारीलाई हौसला दिन निम्ति कार्यकारी प्रमुख स्वयंले आफ्नो प्रत्येक शाखाको अनुगमन गर्ने ।

१०) कोरोना महामारी तथा लकडाउनले सदस्यको व्यवसायमा पारेको प्रभाव तथा जोखिम वर्गीकरण गर्ने ।

११) अनुशासित लक्षित वर्गका सदस्यहरुको घर दैलो गै उनीहरुको हौसला बढाई, सामाजिक दूरी कायम गरी आगामी दिनहरुमा पनि यस महामारीबाट सुरक्षित रहने सन्देश दिने ।

१२) हाल भै रहेको कर्जा नीति, कर्जाको सीमा तथा कर्जा शिर्षकमा समयानुकुल परिमार्जन गर्ने ।

१३) नेपाल राष्ट्र बैंकको निर्देशानुसार ब्याज छुट दिने ।

१४) कर्जा दुरुपयोग गरेको र धेरै संस्थाहरुबाट कर्जा लिई नियतबस कर्जा नतिरेका बाहेकका आम्दानीको श्रोतको अभावमा कर्जाको किस्ता तिर्न नसक्ने सदस्य संग परामर्श गरी बढीमा ६ महिना सम्म समय दिई कर्जा भुक्तानी पुनर्तालिकीकरण गर्ने ।

१५) २०७७ आषाढ मसान्त सम्मको तथ्यांक सहित पुनः अर्को Virtual Meeting बस्ने ।

कोरोना महामारी पछि लघुवित्त सेवा प्रभावकारी बनाउन

लघुवित्तकर्मीहरूको मार्ग चित्र

कोरोना महामारी पछि लघुवित्त सेवालाई थप प्रभावकारी र गरीब केन्द्रित बनाउँदै अघि बढ्न लघुवित्तकर्मीहरु एकमत भएका छन् । उनीहरुले आफ्नो सेवालाई चुस्त दुरुस्त बनाउने संगै सदस्यहरुको अवस्था बुझेर अनुशासित सदस्यहरुको व्यवसायमा केन्द्रित हुने रणनीति बनाएका छन् । गरीबी निवारण गर्ने मूल उद्देश्यका साथ लघुवित्त सेवा शुरु भएको हुनाले कोरोना महामारी पछि गरीबहरुको संख्या बढ्ने निश्चित भए पछि लघुवित्तकर्मीहरुले आगामी दिनको लागि स्पस्ट मार्ग चित्र निर्धारण गरिएको छ ।

स्वावलम्बन विकास केन्द्रले २०७७ अषाढ ११ र १२ गतेका दिन वागमती र गण्डकी प्रदेशमा रहेका सदस्य लघुवित्त संस्थाहरु संग जुम अनलाइन भिडीयो छलफल गरेको थियो । सो छलफलको उद्देश्य कोरोना महामारी र लकडाउनका कारण लघुवित्त क्षेत्रमा परेको प्रभावको मुल्यांकन र देखा परेका समस्या समाधानको उपाय पहिल्याउनु थियो ।

सहभागीहरुका अनुसार तत्कालै ध्यान पुऱ्याउनु पर्ने विषय भनेको कर्मचारीहरुको भौतिक तथा मनोवैज्ञानिक अवस्था, स्वास्थ्य सुरक्षा, काम गर्ने वातावरण निर्माण, असुली तथा लगानीको अवस्था, घरदैलो सेवा प्रदान गर्न सक्ने वातावरण, स्रोत र श्रमको सदुपयोग, समूह संचालन लगायतको संम्भावना देखिएका छन् । त्यसैले शाखा र कर्मचारीहरुको स्थिती विवरण संकलन र अवस्था अनुसार सदस्यहरुको वर्गीकरण प्रकृया थाल्नु जरुरी महसुस गरिएको छ । यसो गर्दा सेवा पुनः स्थायी र प्रभावकारी हुनेछ ।

सदस्यहरुको सन्दर्भमा पनि कोरोना पछि नयाँ चुनौती र अवसरहरु देखिएका छन् । सहभागीहरुका अनुसार कोरोना पछि अधिकांश सदस्यहरुको व्यवसाय ठप्प भएर आम्दानी प्रभावित भएको छ । सदस्यको उत्पादनले बजार र उचित मुल्य पाएको छैन । ब्याज र किस्ता तिर्न समस्या भएको छ । सदस्यहरुलाई थप लगानी गर्न नयाँ परियोजना शुरु गर्न उर्जा नहुदा संस्थामा तरलताको समस्या देखिएको छ । बैदेशिक रोजगारी प्रभावित भएर रेमिट्यान्स घट्दा गरीबी बढ्ने अवस्था छ । यसले गर्दा लघुवित्त संस्थाहरुलाई सदस्यहरुको वर्गीकरण गरी अगाडि बढ्नु जरुरी छ । वर्गीकरणले असल

छलफलमा सहभागीहरू

र खराब सदस्य छुट्याउन सहज हुनेछ । असल सदस्यको व्यवसाय उकास्न आम्दानीको स्थिति हेरि भुक्तानी पुनर्तालिकीकरण गर्न जरुरी छ साथै उनीहरुको क्षमता अनुसार कर्जा उपलब्ध गराउनु पर्ने आवश्यकता ठहर गरिएको छ ।

अब लघुवित्त संस्थाहरु धेरै संस्थाबाट ऋण लिएर ऋणको दुरुपयोग गरेको, ऋण तिर्न नचाहने, कोरोना अघि देखिनै भाका नाघेको र धेरै ठाउँबाट कर्जा लिएर सम्पर्कमा आउन नचाहने सदस्यहरुलाई थप लगानी नगर्न सबै सहभागी सहमत भएका छन् । लकडाउनको समयमा पनि साँवा वा किस्ता दुवै वुझाउने, ब्याज मात्र बुझाउने, लकडाउनको कारण व्यवसाय ठप्प भई चाहेर पनि ब्याज वा ऋण तिर्न नसकेका अनुशासित सदस्यहरुको हकमा भने संस्था प्रमुखहरु लचिलो नीति अख्तियार गर्ने पक्षमा देखिनु भएको छ । अनुशासित सदस्यहरुको हकमा लघुवित्त संस्थाले समस्याको आधारमा थप लगानी गर्ने, पुनर्तालिकीकरण गर्ने तथा व्यवसाय पुनरुत्थानको योजना ल्याउने सम्मका योजना पनि बनाउने छन् । लघुवित्त संस्थाहरुले आगामी दिनमा सदस्यहरुको उत्पादनको बजारीकरणका लागि आफ्नै संजाल बनाउन पनि सहमत भएका छन् ।

सहभागीहरुले विदेश र शहरबाट लाखौँ युवाहरु गाउँ फर्केको वर्तमान अवस्थामा उनीहरुलाई स्वदेशमै उद्यमशील बनाउने योजना बारे पनि छलफल भएको थियो । गाउँ फर्केका युवालाई समेट्दा एकातर्फ विप्रेषण घटेर अर्थ व्यवस्थामा परेका नकारात्मक असर कम हुने र अर्कातर्फ परनिर्भरता घटाउन सकिने छलफलको निष्कर्ष थियो । यसकोलागि लघुवित्तकर्मीहरुले उनीहरु संग भएको सीप, क्षमता, चाहना र पूँजीको विवरण संकलन गरी योजना बनाउने छन् ।

छलफलमा सदस्यहरु संग भएको सीप, ज्ञान र व्यवसाय प्रति नयाँ पुस्ता आकर्षित हुन नसकेकोमा चिन्ता व्यक्त गरिएको थियो । सहभागीहरुका अनुसार युवाहरु विदेश पलायन हुने तर घरमै आमाबुवाले गरी रहेको उद्यम वा व्यवसाय र उपलब्ध सीप एवं प्रविधि नयाँ पुस्ताँमा हस्तान्तरण भएको छैन । यसकोलागि कक्षा १० सम्म अध्ययन गरेका सदस्यका छोराछोरीहरुको चाहना, क्षमता तथा दक्षता बुझी उनीहरुसंग नियमित अन्तरक्रिया गर्ने र उनीहरुलाई नयाँ पुस्ताको उद्यमीका रुपमा विकास गर्ने योजना वनेको छ । युवा र नयाँ पुस्तालाई आत्मनिर्भर बनाउन शुरु भए अरु मुलुक संगको परनिर्भरता घटदै जाने छलफलको निष्कर्ष छ ।

छलफलले अहिलेको अवस्थामा आक्रामक रुपमा असुली वा कर्जा विस्तार नगर्ने, लघुवित्त क्षेत्रमा हिजो आफ्नै कारणले आएका समस्या र गल्ती सच्याउने, केन्द्रीय कार्यालयबाट कार्य क्षेत्रको स्थलगत भ्रमण गर्ने, सदस्यको उत्पादनलाई बजार व्यवस्थापन गर्न भगिनी संस्थाको रुपमा लघुवित्त संस्थाहरुको संजाल निर्माण गर्ने लगायतका विषयमा पनि सहमति गरेको छ ।

दुई दिन चलेको छलफलमा असाढ ११ गते छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडबाट प्रमुख कार्यकारी अधिकृत चोला राज शर्मा,

मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडबाट प्रमुख कार्यकारी अधिकृत शोभा बज्राचार्य, महिला लघुवित्त वित्तीय संस्था लिमिटेडबाट सहायक प्रमुख कार्यकारी अधिकृत हरि प्रसाद गौतम, स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडबाट प्रमुख कार्यकारी अधिकृत भोजराज बस्यालको सहभागिता रहेको थियो ।

यसै गरी अषाढ १२ गते दोस्रो दिन महिला सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट सहायक कार्यकारी प्रमुख, नानी शोभा महर्जन, जाल्पा लघुवित्त वित्तीय संस्था लिमिटेडबाट प्रमुख कार्यकारी अधिकृत अशोक कुमार आचार्य, महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लिमिटेडबाट प्रमुख कार्यकारी अधिकृत डा. सुमित्रा मानन्धर गुरुङ्ग, नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट कार्यकारी निर्देशक राम प्रसाद काफ्ले, मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडबाट प्रमुख कार्यकारी अधिकृत राजेन्द्र प्रसाद न्यौपाने र नायब प्रमुख कार्यकारी अधिकृत बिर्ख बहादुर बोहरा, नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडबाट राम बहादुर यादव, वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडबाट प्रमुख कार्यकारी अधिकृत प्रमेश आचार्य, सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडबाट प्रमुख कार्यकारी अधिकृत रोशन अधिकारी र प्रवन्धक संगीता शर्मा पौडेल, आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट प्रवन्धक ठाकुरनाथ अधिकारीको सहभागिता थियो ।

यसै गरी आयोजक स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठ, कार्यकारी प्रमुख बेचन गिरी, निर्देशक सतिश कुमार श्रेष्ठ, तालिम अधिकृत रेणु प्रजापती र सुचना तथा संञ्चार अधिकृत चन्द्रकान्त पण्डितको पनि सहभागिता थियो ।

यस केन्द्रका वागमती र गण्डकी प्रदेशमा रहेका सदस्य संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा विभागीय प्रमुखहरुको सहभागितामा २०७७।०३।११,१२मा सम्पन्न छलफलले नोवेल कोरोना भाइरस (कोभिड १९) महामारी तथा बन्दाबन्दीको कारणले लघुवित्त क्षेत्रमा पारेको प्रभाव तथा श्रृजना गरेको परिस्थिति (समस्या तथा चुनौति) लाई सामना गर्न मार्ग चित्र पनि निर्धारण गरेको थियो ।

मार्ग चित्र

१) बन्दाबन्दी (Lockdown) खुकुलो भएको अवस्थाले तत्काल संचालक, उच्च व्यवस्थापनका कर्मचारीहरु बसी नोभेल कोरोना भाइरस (कोभिड १९) महामारी तथा बन्दाबन्दी (Lockdown) ले लघुवित्त कार्यक्रममा पारेको प्रभाव बारे समिक्षा तथा भावी रणनीति तयार गर्ने सम्बन्धमा छलफल गर्ने ।

२) लकडाउनका कारण केन्द्र केन्द्रमा सदस्यहरुको व्यवसायमा के कति असर परेको छ विवरण संकलन गर्ने ।

३) प्रत्येक संस्थाले निम्नानुसार सदस्यहरुको वर्गीकरण गर्ने ।
   - (क) लकडाउनको समयमा किस्ता (सांवा र ब्याज) बुझाउने
   - (ख) लकडाउनको समयमा ब्याज मात्र बुझाउने
   - (ग) लकडाउनले व्यवसाय पूर्णरुपमा बन्द भै ऋण तिर्न असमर्थ भएको अनुशासित सदस्य
   - (घ) संस्थाबाट लिएको ऋण दुरुपयोग गरेको, ऋण तिर्न नचाहने, कोरोना अगाडि देखि भाखा नाँघेका, धेरै संस्थाहरुबाट कर्जा लिई सम्पर्कमा आउन नचाहेका सदस्यहरु

४) माथीको वर्गीकरणमा क, ख, र ग बर्गमा परेका सदस्यहरुलाई उनीहरुको व्यवसाय संचालनको स्थिती र सम्भावना हेरी ३ देखी ६ महिना भित्र कर्जा भुक्तानी हुने गरी पुनर्तालिकीकरण गर्ने र उनीहरुलाई नियमित प्रकृयामा ल्याउने ।

५) घ वर्गको सदस्यहरुलाई कुनै कर्जा लगानी नगर्ने र कर्जा असुली गर्दै जाने ।

६) संस्थाले आफ्नो प्रत्येक शाखाको लकडाउनले पारेको प्रभावको विश्लेषण गर्न शाखाको स्थिती विवरण (Profile) तयार पार्ने र प्रभावको आधारमा शाखाहरुको वर्गीकरण गर्ने ।

७) आफ्नो संस्था तथा शाखाका कर्मचारीहरुलाई लघुवित्तको संस्कार, मूल्यमान्यता पुनर्ताजकीकरण (re orientation) दिने र कार्यालयलाई नयां किसिमले व्यवस्थापन गर्ने ।

८) अहिलेको अवस्थामा आक्रामक (Aggressive) रुपमा कर्जा विस्तार नगरी सदस्यको अवस्था र आवश्यकता हेरी न्यूनतम कर्जा प्रवाह गर्ने ।

९) यस कोरोना महामारीको संकटले हामीलाई गलत कृयाकलापबाट सुधिने मौका दिएको र पहिले भएका गल्ती सच्याउने अवसर पनि दिएको छ ।

१०) स्थलगत रुपमा लकडाउनको वास्तविक स्थिती बुझ्न लकडाउन खुकुलो हुदै गए पछि केन्द्रिय कार्यलयबाट प्रमुख कार्यकारी अधिकृत लगायत वरिष्ठ अधिकृतहरु सुरक्षा व्यवस्था मिलाई शाखाहरुको भ्रमण गर्ने । फिल्डका कर्मचारीहरुलाई उत्साहित गर्ने र मनोवल बढाउने साथै सुरक्षित काम गर्ने व्यवस्था मिलाई केन्द्र बैठक गर्ने र सदस्य भेटघाट गर्ने ।

११) शाखाहरु मार्फत विदेशबाट फर्केका युवाहरुको विवरण संकलन गराउने । उनीहरुको नाम, थर, उमेर, काम गरेर फर्केको मुलुकको नाम, सीप, ज्ञान, पूँजीको अवस्था र काम गर्ने चाहना बारे बुझी स्थिती विवरण तयार गर्ने ।

१२) २०७७ साउन १ देखि युद्धस्तरमा कार्यालयको गतिबिधिहरु अघि बढ्ने गरी २०७७ आषाढ मसान्त सम्म आगामी दिनको कार्य योजना तयार गर्ने ।

१३) लघुवित्त संस्थाका सदस्यहरुको विकास गर्न तथा उनीहरुलाई उत्प्रेरणा दिन सदस्यहरुले उत्पादन गरेका बस्तु तथा सामाग्रीहरुको राम्रो मुल्यमा बजार व्यबस्थापन गर्न भगिनी संस्थाको रुपमा बजार व्यबस्थापन संस्था स्थापना गर्ने । सम्भव भए सम्म एउटै स्थानका संस्थाहरुको बीचमा समन्वय गरी संयुक्त रुपमा संस्था स्थापना गर्ने ।

१४) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ब्याज छुट दिने ।

१५) कक्षा १० भन्दा माथि शैक्षिक योग्यता पुगेका सदस्यहरुका छोराछोरीहरुको विवरण संकलन गरी क्रमिक रुपमा उनीहरु संग अन्तरक्रिया गरी उद्यमशीलता बढाउने र नयाँ पुस्ताको सदस्यको रुपमा तयार गर्ने ।

१६) अर्को Virtual Meeting एक महिना पछि बस्ने ।

कोरोना : चुनौती पनि अवसर पनि

स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले लघुवित्त कर्मीहरुलाई कोरोना भाईरस (कोभिड- १९) चुनौती र अवसर दुवै भएकोले महामारीले गर्दा समाजमा देखा परेका समस्या र अवसरको अध्ययन र समिक्षा गरी अघि वढ्न सुझाव दिएका छन् ।

लकडाउन पछि लघुवित्तमा परेको प्रभाव बारे अनुभवहरु आदान प्रदान गरी आगामी रणनीति तयार गर्ने उद्देश्यले स्वावलम्बन विकास केन्द्र द्वारा आयोजित जुम अनलाईन छलफलका सहभागीहरुलाई श्रेष्ठले यस्तो सुझाव दिएका हुन् ।

छलफलका क्रममा श्रेष्ठले कोरोना पछि देखिएको प्रमुख अवसर भनेको विदेशबाट सीप र पूँजी सहित स्वदेश फर्केको युवा जनशक्ति रहेको बताए । लघुवित्तहरुले उनीहरुलाई स्वावलम्बी तथा स्वदेशमै आत्मनिर्भर बनाउने खालका योजनाहरु ल्याउनु पर्ने र कृषि कर्मलाई प्राथमिकता दिनु पर्ने धारणा राखे ।

अहिले अधिकांश लघुवित्त सदस्यहरुले बजारीकरणमा भोगेको समस्या तर्फ इंगीत गर्दै श्रेष्ठले लघुवित्त संस्थाहरुले आफ्नै संजाल श्रृजना गरी बजारीकरणमा काम थाल्न पनि सुझाव दिए । “बजार सुरक्षित नभए सम्म सदस्यहरु व्यवसाय प्रति आकर्षित हुदैनन् र जीवनस्तर उभो पनि लाग्दैन । त्यसैले आफ्नै स्वामित्व हुने गरी बजारीकरणमा संजाल विस्तार गर्नु पर्‍यो” श्रेष्ठको भनाई थियो । श्रेष्ठले बजारीकरणमा सरकार वा अरु निकायले काम गर्ला भनेर आशा गरेर नवस्न समेत सुझाव दिए ।

सहभागीहरुले अधिकांश सदस्यको कृषि उत्पादनले बजार नपाएको सन्दर्भमा बजारको लागि केहीले सहजीकरण गरेको तथा केहीले दिर्घकालिन योजनाहरु ल्याउन लागेको अनुभव प्रस्तुत गरेका थिए ।

छलफलका क्रममा सहभागीले दाङ जिल्लामा महिला सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडले आफ्ना सदस्यको उत्पादन

छलफलमा सहभागीहरू

आफैले किनेर प्रशोधन गरी बजारीकरण गर्ने गरेको र यसले सदस्य, संस्था तथा समुदायलाई समेत फाइदा पुगेको अनुभव प्रस्तुत गरेका थिए । यसलाई श्रेष्ठले सामाजिक उद्यमशीलताको सफल नमुना भएको बताउदै महिला सामुदायिक लघुवित्तको प्रयास अरुले पनि अनुसरण गर्न सुझाए ।

स्वावलम्बन विकास केन्द्रले २०७७ आषाढ ४ गतेका दिन प्रदेश ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा रहेका आफ्ना सदस्य लघुवित्त तथा सहकारी संस्थाहरुलाई समेटेर छलफलको आयोजना गरेको हो ।

छलफलमा सहभागीहरुले कोरोना पछि लघुवित्तमा परेका प्रभाव, चुनौती र अवसर बारे आफ्ना अनुभव प्रस्तुत गरेका थिए ।

सहभागीहरुका अनुसार अहिले लघुवित्त क्षेत्रमा सीप र पूँजीगत क्षमता सहित युवा जनशक्ति गाउँ फर्केको, बाँझो बसेका उर्वर जमीनमा उच्च मुल्य दिन सक्ने कृषि उत्पादन गर्न सकिने सम्भावना भएको, सदस्यका उत्पादन बजारीकरणका लागि लघुवित्त आफैले काम गर्न सकिने तथा स्थानीय र प्रदेश सरकार संग सहकार्य गर्न सकिने लगायत थुप्रै अवसरहरु रहेका छन् । उनीहरुले सामाजिक उद्यमशीलतामा लाग्न समेत आवश्यक ठानेका छन् ।

सहभागीहरुले वर्तमान अवस्थामा लघुवित्त क्षेत्रमा देखा परेका चुनौती बारे पनि छलफल गरेका छन् । जसमा मुलतः मन्दीका कारण व्यवसाय ठप्प हुँदा संस्था र सदस्यको जिवन स्तरमा पर्न सक्ने असर, असुलीमा जारी समस्या, लगानी ठप्प रहेकोले यसले वर्तमान र भोलिका दिनमा पार्न सक्ने नकारात्मक प्रभाव लगायत चुनौतिहरु देखिएका छन् ।

छलफलमा श्री उदयदेव बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, नवजीवन सहकारी संस्था लिमिटेड, किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, बौद्ध ग्रामिण बहुउहद्देश्यीय सहकारी संस्था लिमिटेड, वातावरण सुधार बहुउद्देश्यीय सहकारी सस्था लिमिटेड, पाइनिअर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, महिला सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडका कार्यकारी प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कोरोना भाइरस (कोभिड १९) महामारी तथा बन्दाबन्दीको कारणले लघुवित्त क्षेत्रमा पारेको प्रभाव तथा श्रृजना गरेको परिस्थिति (समस्या तथा चुनौति) लाई आगामी दिनमा सामना गर्न अनलाईन जूम छलफलमा तपसील बमोजिमको मार्ग चित्रमा सहमति गरिएको छ ।

मार्ग चित्र

१) बन्दाबन्दी (Lockdown) खुकुलो भएको अवस्थामा तत्काल संचालक, उच्च व्यवस्थापनका कर्मचारीहरु बसी नोभेल कोरोना भाइरस (कोभिड १९) महामारी तथा बन्दाबन्दी (Lockdown) ले लघुवित्त कार्यक्रममा पारेको प्रभाव बारे समिक्षा गर्ने तथा भावी रणनीति सम्बन्धमा छलफल गर्ने ।

२) लकडाउनका कारण केन्द्र केन्द्रमा सदस्यहरुको व्यवसायमा के कति असर परेको छ विवरण संकलन गर्ने ।

३) प्रत्येक संस्थाले निम्नानुसार सदस्यहरुको वर्गीकरण गर्ने ।

(क) लकडाउनको समयमा किस्ता (सांवा र ब्याज) बुझाउने

(ख) लकडाउनको समयमा ब्याज मात्र बुझाउने

(ग) लकडाउनले व्यवसाय पूर्णरुपमा बन्द भै ऋण तिर्न असमर्थ भएको अनुशासित सदस्य

(घ) संस्थाबाट लिएको ऋण दुरुपयोग गरेको, ऋण तिर्न नचाहने, कोरोना अगाडि देखि भाका नाँघेका, धेरै संस्थाहरुबाट कर्जा लिई सम्पर्कमा आउन नचाहेका सदस्यहरु

४) माथीको वर्गीकरणमा क, ख, र ग बर्गमा परेका सदस्यहरुलाई उनीहरुको व्यवसाय संचालनको स्थिती र सम्भावना हेरी ३ देखि ६ महिना भित्र कर्जा भुक्तानी हुने गरी पुनर्तालिकीकरण गर्ने र उनीहरुलाई नियमित प्रकृयामा ल्याउने ।

५) घ वर्गको सदस्यहरुलाई कुनै कर्जा लगानी नगर्ने र कर्जा असुली गर्दै जाने ।

६) यस कोरोना महामारीले अवसर पनि प्रदान गरेको हुंदा सदस्यहरुको मन जित्न उनीहरुसंग सम्पर्क गरी राख्ने र सदस्यहरुसंग राम्रो सम्बन्ध निर्माण गरी आत्मियता बढाउने ।

७) संस्थाले आफ्नो प्रत्येक शाखाको लकडाउनले पारेको प्रभावको विश्लेषण गर्न शाखाको स्थिती विवरण (Profile) तयार पार्ने र प्रभावको आधारमा शाखाहरुको वर्गीकरण गर्ने ।

८) आफ्नो संस्था तथा शाखाका कर्मचारीहरुलाई लघुवित्तको संस्कार, मूल्यमान्यता पुनर्ताजकीकरण (re orientation) दिने र कार्यालयलाई नयाँ किसिमले व्यवस्थापन गर्ने ।

९) केन्द्रिय कार्यालयबाट शाखाका कर्मचारीहरुलाई उत्साहित गर्ने तथा कर्मचारीहरुको मनोबल उच्च राख्न सुरक्षालाई असर नपुग्ने गरी अनिवार्य रुपमा सबै शाखाहरुको भ्रमण गर्ने ।

१०) अहिलेको अवस्थामा आक्रामक (Aggressive) रुपमा कर्जा विस्तार नगरी सदस्यको अवस्था र आवश्यकता हेरी न्यूनतम कर्जा प्रवाह गर्ने ।

११) यस कोरोना महामारीको संकटले हामीलाई गलत कृयाकलापबाट सुधिने मौका दिएको र पहिले भएका गल्ती सच्याउने अवसर पनि दिएको छ ।

१२) स्थलगत रुपमा लकडाउनको वास्तविक स्थिती बुझ्न लकडाउन खुकुलो हुदै गए पछि केन्द्रीय कार्यालयबाट प्रमुख कार्यकारी अधिकृत लगायत वरिष्ठ अधिकृतहरु सुरक्षा व्यवस्था मिलाई शाखाहरुको भ्रमण गर्ने । फिल्डका कर्मचारीहरुलाई उत्साहित गर्ने र मनोवल बढाउने साथै सुरक्षित काम गर्ने व्यवस्था मिलाई केन्द्र बैठक गर्ने र सदस्य भेटघाट गर्ने ।

१३) शाखाहरु मार्फत विदेशबाट फर्केका युवाहरुको विवरण संकलन गराउने । उनीहरुको नाम, थर, उमेर, काम गरेर फर्केको मुलुकको नाम, सीप, ज्ञान, पूँजीको अवस्था र काम गर्ने चाहना बारे बुझी स्थिती विवरण तयार गर्ने ।

१४) २०७७ साउन १ देखि युद्धस्तरमा कार्यालयको गतिबिधिहरु अघि बढ्ने गरी २०७७ आषाढ मसान्त सम्म आगामी दिनको कार्य योजना तयार गर्ने ।

१५) लघुवित्त संस्थाका सदस्यहरुको विकास गर्न तथा उनीहरुलाई उत्प्रेरणा दिन सदस्यहरुले उत्पादन गरेका बस्तु तथा सामाग्रीहरुको राम्रो मुल्यमा बजार व्यबस्थापन गर्न भगिनी संस्थाको रुपमा बजार व्यबस्थापन संस्था स्थापना गर्ने । सम्भव भए सम्म एउटै स्थानका संस्थाहरुको बीचमा समन्वय गरी संयुक्त रुपमा संस्था स्थापना गर्ने ।

१६) कक्षा १० भन्दा माथि शैक्षिक योग्यता पुगेका सदस्यहरुका छोराछोरीहरुको विवरण संकलन गरी क्रमिक रुपमा उनीहरु संग अन्तरक्रिया गरी उद्यमशीलता बढाउने र नयाँ पुस्ताको सदस्यको रुपमा तयार गर्ने ।

१७) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ब्याज छुट दिने ।

१८) अर्को Virtual Meeting एक महिना पछि बस्ने ।

लघुवित्त क्षेत्रको संकट टार्न

सुधारको खाँचो

– शंकरमान श्रेष्ठ

नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार नेपालको ४६ लाख परिवारले लघुवित्त सेवा प्राप्त गरेका छन् । सहकारी संस्थाहरुले पनि लघुवित्त सेवा संचालन गरेका छन् । उनीहरुबाट पनि करिब ४ लाख परिवारलाई लघुवित्त सेवा पुऱ्याएको अनुमान गरिएको छ । समष्टिगत रुपमा ५० लाख परिवार लाभान्वित भएको देखिन्छ ।

नेपालको कुल परिवार संख्या प्रति परिवार ५ जनाको मान्दा ६० लाख हुन्छ । करिब ८३% परिवारले यस सेवा प्राप्त गरेको देखिन्छ । बाहिरी आवरण हेर्दा लघुवित्तले उत्कृष्ट उपलब्धि हासिल गरेको देखिन्छ तर वास्तविकता त्यस्तो छैन । नेपालको गरीबको संख्या जनसंख्याको २१% भनिन्छ । पछिल्लो आँकडाहरुमा १७% पनि भन्ने गरिन्छ । २१% मान्दा ६० लाख परिवारको २१% भनेको १२ लाख ६० हजार र १७% मान्दा १० लाख २० हजार हुन्छ । गरीबहरुलाई दिएको ऋणको आँकडा हेर्दा नेपालमा गरीब कोही बाँकी देखिदैन । तर कोरोनाको कहरको कारण काठमाडौंबाट थातथलो तिर हिडेका र गाँउगाँउमा राहत बाड्ने ठाँउको दृश्य हेर्दा प्रष्ट देखिन्छ कि अझ पनि कम्तिमा १० लाख परिवार गरीबीका चपेटामा छन् ।

लघुवित्त संस्थाहरुले लाखौं परिवारलाई खर्बौं कर्जा प्रवाह गरेको छ । स्थलगत रुपमा हेर्दा एउटा व्यक्तिलाई धेरै संस्थाहरुले ऋण दिने गरेको र प्रत्येक संस्थाले राष्ट्र बैंकलाई दिएको प्रतिवेदन जोड्दा ४/५ गुना बढी प्रगति देखिएको हो । तर वास्तविकता देखिएको वा देखाइएको भन्दा धेरै फरक छ । पछिल्लो कालमा लघुवित्त संस्थाहरु धेरै भएको र अस्वस्थ प्रतिस्पर्धाले गर्दा अत्याधिक दोहोरोपन भएको छ । धनि गरीब नछुट्याई ऋण लिन चाहने जसलाई पनि समुह बनाई ऋण दिने र एउटै ऋणीलाई दशौं संस्थाले ऋण दिने गरेकोले ऋण लिने परिवारको संख्या धेरै देखिएको हो ।

लघुवित्त एउटा सामाजिक व्यवसाय हो । यसको उद्देश्य समाजमा देखिएको धनि र गरीबको खाडल कम गर्नु हो । यथार्थ परिदृश्यमा धनि झन्झन् धनि हुदै गईरहेको छ, गरीब झन्झन् गरीब र शोषित हुँदै गईरहेको छ । उनीहरुलाई दुई छाक खान दिनभर पसिना बगाइ काम गर्नुपर्छ । बालबच्चा पढाउन सक्तैनन् र नाङ्गो खुट्टा हिँड्छन् । फाटेको लुगा र धोतीभन्दा बढि उनीहरुको भाग्यमा छैन । हुरीबतास र पानी छेक्न नसक्ने फुसको झुपडीमा बास हुन्छ । उनीहरुकै मेहनत र श्रमबाट ठुलठुलो महल, दरबार, होटल बन्छन्, सडक, पुल निर्माण हुन्छ र विद्युत गृहहरु बन्छन् । तर उनीहरु त्यहि कहाली लाग्दो झुपडीमा बस्छन् । २ छाक खान सँधै धौधौ पर्ने उनीहरु अध्यारो छाप्रोमा रात बिताउनु बाहेक अरु उपाय छैन । सर्लाहीका श्याम परदेशी जस्ता साहुकारहरुले उनीहरुलाई हाडखोर पनि बाँकी नहुने गरी चुसिरहेका छन् । उनीहरु निसहय छन् । प्रत्येक पल बाँच्नको लागि संघर्षरत छन् । यी समुहमा लघुवित्तकर्मीको आँखा पुगेको छैन ।

गरीबीको यस्तो अवस्थाबाट बाहिर ल्याई उनीहरुसँग भएको सीप र क्षमता उपयोग गर्न सक्ने अवस्था सृजना गर्न र आवश्यकता र क्षमता अनुसार पूँजी स्वरुप कर्जाको पहुँच बढाउन परम्परागत बैंकिङभन्दा पृथक सोचबाट लघुवित्त प्रणाली प्रादुर्भाव भएको हो । यसको मुल उद्देश्य भनेको उनीहरुको दैलोमै पूँजीको पहुँच बढाई भएको श्रम र सीप स-साना व्यवसायमा प्रयोग गर्न उत्प्रेरित गरी आत्मनिर्भर विकास प्रवर्द्धन गर्नु हो । यसको मुल उद्देश्य गरीबी निवारण हो । यस व्यवसायलाई टिकाउन र दिगो बनाउन यसमा लाग्ने नेतृत्व खास चरित्र बोकेको हुनु आवश्यक छ । लोभलालच र लाभलाई प्राथमिकता दिने र आफ्नो प्रगति मै रमाउने चरित्रले यसमा दिर्घकालिन सफलता प्राप्त गर्न सक्तैन । सेवाग्राहीको प्रगति र सुखमा रमाउन सक्ने नेतृत्वले मात्र गरिवी निवारणमा सहयोग पुर्याउन सक्छ र सफलता प्राप्त गर्न सक्छ । उदाहरणको लागि बंगलादेश ग्रामिण बैंकको संस्थापक प्रो. मोहम्मद युनुस र ब्राकको कार्यकारी निर्देशक सर आबेदलाई लिन सकिन्छ ।

हाल नेपालको लघुवित्त क्षेत्रमा ९१ वटा लघुवित्त संस्थाहरु र करिब १०० वटा सहकारी संस्थाहरु क्रियाशील छन् । ७७ वटा जिल्लामा लघुवित्त सेवा पुगेका छन् तर विडम्बना अधिकांस संस्थाहरु शोषित पिडित र गरीबको दैलोमा पुग्नु भन्दा एउटाले ऋण दिएको सदस्यलाई अर्कोले पनि दिने र अर्को माथि अर्कोले गरी हुनेखानेलाई नै ऋण थपथाप गरी ऋण भार बढाउने र बढी भन्दा बढी कर्जा प्रवाह गरी बढी भन्दा बढी नाफा आर्जन गर्ने खेलमै व्यस्त देखिन्छ ।

एउटा महिलालाई २४ वटा संस्थासम्मले ऋण बोकाएको देखिन्छ । लघुवित्तको मुल्य मान्यता र सिद्धान्त सबै थोक नेपाल राष्ट्र बैंकमा दर्ताको लागि पेश गरेको फायलमै सिमित छ । विपन्नको दैलो चहारी उनीहरुको सुखदुखमा साथ दिई गरीबीको चङ्गुलबाट बाहिर निकाल्ने प्रयासरत लघुवित्तकर्मी अब हुने खाने सुकिला मुकिला भईसके तर दिनहीन विपन्नको अवस्थामा खासै परिवर्तन भएको देखिदैन । उनीहरु अहिले पनि दिनभरी ज्यामी काम नगरी बेलुकी खान पाउदैनन् । ज्यामीको काम सबै ठाँउमा र सधैं पाइदैन, यी परिदृश्य कोरोनाको लकडाउनको कहर र दैनिक ज्यालादारीको काम गर्न विदेश गएका हाल देश फर्केका दाजुभाई दिदिबहिनीहरुको लर्कोले नै स्पष्ट देखिएको छ ।

अबको चुनौती भनेको लघुवित्त नामधारी लघुवित्त संस्थाहरु र सहकारीको नामधारी सहकारी संस्थाहरु आ-आफनो नाम, उद्देश्य, सिद्धान्त र मुल्य मान्यता अनुसार संचालन हुनु र गराउनु हो । लघुवित्त र सहकारीमा धेरै विचलन र विकृती आएको बारे नियमकारी निकायहरु सचेत देखिँदैन । उनीहरु संख्यात्मक प्रगतिको आँकडा प्रस्तुतीमा नै व्यस्त र रमाएको देखिन्छ । व्यवहारमा के कस्तो भइरहेको छ भन्ने बारे चासो राखेको देखिँदैन । सुपरिवेक्षण र अनुगमन सतही मात्र छ । विकृति, विसङ्गति र विचलनलाई नियन्त्रण गर्न र उद्देश्य, सिद्धान्त, मुल्यमान्यता रक्षा गर्न

कुनै प्रयास भएको देखिँदैन । यसरी लघुवित्त जस्तो गरिमामय पवित्र उद्देश्य बोकेको र जराबाट सामाजिक आर्थिक रुपान्तरणको क्षमता बोकेको लघुवित्त कार्यक्रम कलंकित र संकट उन्मुख भईरहेको तर्फ सरकारको र नियमनकारी निकायहरु कत्ति पनि सचेत देखिँदैन । सबै निकायहरु जिम्मेवारी वहन गर्नमा होइन, शासन गर्नमा तल्लिन छन् ।

कोरोनाको कारणबाट लकडाउनले सबै व्यवसाय र कारोबार ठप्प भएको छ । लघुवित्तबाट कर्जा लिने ऋणीहरुको पनि अधिकांसको व्यवसायमा ठूलो प्रभाव परेको छ यो अवस्थामा लघुवित्त संचालन गर्ने संस्थाहरुको असुली प्रभावित भएको छ । सदस्यहरुले ३/४ महिनाको किस्ता एकैचोटी चुक्ता गर्न कठिनाई हुने नै भयो । संस्थाहरुको किस्ता भुक्तानी नहुँदा कर्जा भाखा नाघ्ने भयो । यसले उनीहरुको वित्तीय स्थिती नराम्रो देखिने नै भयो । यो नै लघुवित्त संस्थाको मुख्य चिन्ता भएको देखियो ।

चुनौति र अवसर

सामान्यतः लघुवित्तको कर्जा असुलीमा समस्या हुँदैन । किस्ता किस्तामा साप्तहिक, पाक्षिक वा बढीमा मासिक रुपमा असुली तालिका निर्धारण गरिएको हुन्छ । लघुवित्तमा संलग्न ग्राहक सदस्यहरुको व्यवसाय नियमित आम्दानी हुने खालको हुन्छ । अन्य नियमित आम्दानी नहुने व्यवसायीले पनि कुनै सहायक व्यवसाय पनि गरेको हुन्छन् र नियमित किस्ता तिरेका हुन्छन् । किस्ता तिर्नुलाई नियमित बचत गरे सरह मान्छन् । ऋण तिर्दै जाँदा ब्याज घट्दै जान्छ । उल्लेखित ब्याजदर भन्दा झण्डै आधा मात्र ब्याज भुक्तानी गरिन्छ ।

कोरोनाको कारणबाट भएको लकडाउनले गर्दा अधिकाँश सदस्यहरुको व्यवसाय ठप्प भएको छ । आम्दानी नहुँदा कर्जा भुक्तानी गर्न समस्या भएको छ । तिर्न सक्ने र चाहनेलाई पनि कार्यालय बन्द हुँदा तिर्न समस्या भएको छ । कतिपय संस्थाहरुले कार्यालय खोली किस्ता बुझ्ने र आपतमा परेकालाई बचत निकाल्न दिने र संकटकालीन ऋण पनि दिएका छन् । तर समष्टिगत रुपमा कारोबार बन्द भई आम्दानी नहुँदा किस्ता तिर्न कठिनाई हुने नै भयो । यसबाट लकडाउन अवधिमा किस्ता रकम भाखा नाघ्ने देखिएको छ ।

हाल संस्थाहरुमा दुई प्रकारका ऋणीहरु छन् । एक प्रकार स-साना व्यवसाय गर्न कर्जा लिई सोको सदुपयोग गरी राम्ररी व्यवसाय गरेको, अनुशासनमा बसी किस्ता समयमा तिर्ने गरेको र गरीबीको दुष्चक्रबाट निस्केर आत्मनिर्भर भई व्यवसाय विस्तार तिर उन्मुख छन् । अर्का थरी विभिन्न लघुवित संस्थाहरुबाट पुल्पुल्याएका, आवश्यकता र क्षमताभन्दा बढी भन्दा बढी कर्जा लिई व्यावसायमा उपयोग नगरी विभिन्न संस्थाहरुबाट कर्जा माथि कर्जा लिई त्यो रकमबाटै कर्जा तिरी ऐसआरामका जीवन बाँच्न सिकेकाहरु छन् । कतिपयले सस्तोमा कर्जा लिई मिटर ब्याजमा अरुलाई ऋण दिने धन्दामा लागेका छन् ।

केन्द्र बैठक सञ्चालनको एउटा दृश्य

पहिलो थरीका ऋणीहरु कर्जा तिर्न सचेत छन्, तिर्नेछन् र हाल व्यवसाय बन्द भई मुसिबतमा भएका कारण कर्जा ४ र ६ महिनाको लागि पुनर्तालिकीकरण गरिदिएमा छिट्टै नियमित प्रक्रियामा फर्कने छन् र उनीहरुको कर्जा असुलीमा कुनै समस्या आउने छैन ।

दोस्रो प्रकारका सदस्यहरुले कर्जा धेरै थुप्रिएका कारण र आम्दानीको स्रोत नभएको कारण कर्जा चुक्ता गर्न सक्ने छैन । दोहोरोपना एउटा लघुवित्तको ठूलो रोग भईसकेको छ । यो भाइरस जस्तै फैलिरहेको छ । केहि पकेटहरुको अध्ययन गर्दा सरदरमा एउटा ग्राहकलाई ५ वटा संस्थाबाट ऋण दिएको देखिन्छ । सदस्य वृद्धि र नाफाको होडबाजीमा लघुवित्त संस्थाहरु दोहोरोपनाको दलदलमा भासिएका छन् । अब ऋण माथि ऋण दिने काम कुनै संस्थाले गर्ने छैन र कुनै संस्थाले गरेमा उनै ठूलो भड्खालामा जाकिने छ । त्यसलाई कसैले बचाउन आउँदैन र बचाउन पनि सक्दैन । त्यसैले आवश्यकता र क्षमता नहेरी अत्याधिक कर्जा बोक्ने ग्राहक र बोकाउने संस्था अब चाँडै नै समस्याग्रस्त सुचिमा आउने छन् । यसमा समाधान कठिन छ । यसलाई जुनै प्रकारले टालटुल गरेपनि यो समस्या कुनै एउटा विन्दुमा पुगेर फेरि बल्झिने छ र उजागर हुनेछ । गलत कार्यको नतिजा राम्रो नहुने शिक्षा सबैले प्राप्त गर्ने छ । सत्कर्म नै सफलताको मार्ग हो भन्ने पनि अब बोध हुनेछ । यो कोरोनाको उपहार हुनेछ ।

कोरोना भाईरसबाट लघुवित्त क्षेत्रलाई चुनौति र अवसर दुबै अगाडि सारेको छ । अब प्रत्येक लघुवित्त संस्थाले आ-आफ्नो स्थितिको र ग्राहक सदस्यहरुको पनि प्रत्येकको अवस्था परीक्षण र मुल्यांकन गर्नु पर्छ । लकडाउनबाट प्रभावित र अनुशासित कर्जा सदुपयोग गरेका असल नियत भएका ऋणीहरु र धेरै संस्थाबाट कर्जा लिएका र कर्जा दुरुपयोग गरेका खराब नियत भएका ऋणीहरुको बेग्ला बेग्लै सुची निर्माण गर्नु पर्छ । पहिलो सुचीमा भएका सदस्यहरुलाई कर्जा भुक्तानीको लागि आवश्यकता अनुसार (३ महिना, ६ महिना वा एक बर्ष भित्र) किस्ता तिर्ने गरी पुनर्तालिकरण गर्नु पर्छ । यसो गर्दा ऋणीको अवस्था अनुसार नगद प्रवाहको संभाव्यताको आधारमा गर्नु पर्छ । आवश्यक परेमा उनीहरुलाई थप कर्जा पनि दिनु पर्छ । दोस्रो सुचीका सदस्यहरुलाई संस्थाको नियम अनुसार ऋण दिदाको शर्त अनुसार असुलीको लागि कारवाही गर्नु पर्छ ।

उनीहरुले कोरोनालाई बहाना बनाई ऋण नतिर्ने अन्य हत्कण्डा मच्चाउन सक्छ । अनेक प्रकारले दबाब दिन सक्छ । अपवाह फैलाउन खोज्छ । लघुवित्त संस्थाहरुको लागि महँगो पाठ हुनेछ । पहिलो सुचीका सदस्यहरुलाई दिएको सुविधा उनीहरुलाई

पनि दिएमा थप घातक हुन्छ । ऋण दिएर ऋण तिराउनु सदस्यलाई भन्दा संस्थालाई मन्द विष पान गर्नु जस्तै हुन्छ । आफनो कार्य सम्पादन राम्रो देखाउन केही कर्मचारीले यस्तो प्रयास पनि गर्न सक्छ । त्यसैले संचालक समिति यसमा सचेत हुनुपर्छ ।

कर्जा दोहोरोपन एउटा लघुवित्त मासिने ठूलो विकृति हो । यसको रोकथामको लागि नियमनकारी निकायको कडा निर्देशन र त्यसको जाच्ने प्रभावकारी संयन्त्र 'कर्जा सुचना केन्द्र' हो । विडम्बना के छ भने १०-१२ बर्षदेखि यसको आवश्यकताबारे बारम्बार चर्चा भएता पनि पूर्ण रुपमा संचालनमा आएको छैन । राष्ट्र बैंकले यसको लागि छुट्टै लघुवित्त सुचना केन्द्र स्थापना तथा सञ्चालन गर्न ठोस पहल गर्नु पर्छ । साथै एउटा सदस्यलाई दुईवटा भन्दा बढी संस्थाले ऋण दिएमा ऋण दिने तेस्रो र पछिका संस्थालाई कडा कारवाही गर्ने निर्देशन राष्ट्र बैंकबाट दिनुपर्छ । अहिले जस्तै थाहा नपाए जस्तो गरी बस्नु उचित हुँदैन ।

कोरोनाले ल्याएको देशकै लागि ठूलो चुनौति भनेको ठूलो जमातमा युवाहरु विदेशबाट आफ्नो घर फर्कनु हो र यसबाट बेरोजगारीको समस्या विकराल भएको छ । यसलाई उद्यमशीलताको माध्यमबाट स्वरोजगारीमा रुपान्तरण गर्न टड्कारो आवश्यकता रहेको छ । यस समस्यालाई अवसरमा परिणत गर्न लघुवित्त संस्थाहरु अगाडि सर्नु पर्दछ । युवा स्वरोजगारको नयाँ कार्यक्रम ल्याउनुपर्छ । कृषि, पशुपालन, पंन्छिपालन तथा अन्य स्थानीय रुपमा संभाव्य व्यवसायका लागि उत्प्रेरित गरी स्वरोजगारी तर्फ लगाउन आवश्यक पूँजी स्वरुप व्यवसायिक ऋण प्रवाह गर्नु पर्छ । उनीहरुसँग भएको श्रम, सीप र पूँजीलाई उत्पादनशील कार्यमा परिचालन गर्नु पर्छ । गाँउ गाँउमा संजाल भएको लघुवित्त संस्थारु मात्र भएकोले यो कार्य उनीहरुको माध्यमबाट मात्र सम्भव हुन सक्छ । यसका लागि नेपाल राष्ट्र बैंक तथा सरकारबाट उनीहरुलाई सस्तो र मध्यावधि ऋण पूँजी स्वरुप उपलब्ध गराउनुपर्दछ ।

यसरी उद्यम संचालन गर्नेहरुलाई परामर्श र तालिम दिने र अनुगमन, निरीक्षण र प्रतिवद्धता लिने र नियमित कार्य मुल्यांकन गर्ने पद्धति बसाल्नुपर्छ । यस प्रकारको कार्य गर्ने प्रणाली र दक्षता लघुवित्त संस्थाहरुमा मात्र पाइन्छ । कर्जा दिने संस्थालाई पनि उनीहरुसँग प्रगतिमा जोडिने गरी कर्जा भन्दा ईक्वीटी फाइनान्स गर्नु बढी प्रभावकारी हुनेछ । बंगलादेशले यसमा ठूलो सफलता हासिल गरेको छ ।

काठमाडौंको चन्द्रागिरीमा इन्दिरा तामाङ्गको च्याउ उद्यम

नेपालको लघुवित्त एउटा सामाजिक व्यवसायको रुपमा शुरुवात भएको हो । यसको उद्देश्य गरीबी निवारण हो । यसले खोजेको विपन्न परिवारको जिवनमा रुपान्तरण हो । केही बर्षयता खासगरी बैंक तथा वित्तीय संस्था ऐन २०७३ अन्तर्गत 'घ' वर्गको वित्तीय संस्थामा रुपान्तरण भएपछि लघुवित्त संस्थाहरु सेवामुखीबाट नाफामुखीमा रुपान्तरण भएको छ । थोरै पूँजीबाट धेरै नाफा आर्जन गर्ने र लगानीको प्रतिफल धेरै पाईने संस्थाको रुपमा परिचय बनाएको छ । यसमा तुरुन्त रोकथाम गर्न सहकारी संस्थामा जस्तै लाभांसमा सिलिङ्ग तोक्नु पर्छ । अन्यथा लघुवित्त उद्देश्यबाट विमुख हुने निश्चित छ । थरीथरीको विकास योजना तथा कार्यक्रमहरुको बावजुद देशमा अहिले पनि कहाली लाग्दो गरीबी सर्वत्र विद्यमान छ । लघुवित्त संस्थाहरुले आफ्नो आचरणमा परिवर्तन गरी आ-आफ्नो क्षेत्रको दीनहिन परिवारको खोजी गरी उनीहरुको सीप अनुसार कार्यारम्भ गराउन कार्यक्रम अगाडि सारी कर्मचारी परिचालन गर्नु पर्छ । कर्मचारीलाई पुनः प्रशिक्षण गरी संस्कार र मुल्यमान्यतायुक्त बनाउनुपर्छ र यसको लागि नीतिगत पुनसंरचना गर्नु आवश्यक छ ।

अहिले देशको आयातको अवस्था नाजुक छ । नेपाल खाद्यान्नमा निर्यात गर्ने मुलुक मध्ये पर्थ्यो । चामलको निर्यातका लागि २०३२/३३ सालतिर ९ वटा धान चामल कम्पनी खोली धान चामल भारत निर्यात गर्ने गर्थ्यो । यो क्रम धेरै बर्षसम्म चल्यो । त्यस्तै माछा, तरकारी, तोरी, फलफुल आदि पनि निर्यात गर्थ्यो । भारत त्यतिबेला खाद्यान्न आपुर्तिका लागि अमेरिका र रुसबाट गहुँ आयात गर्थ्यो । अहिले हामी प्रायः सबै बस्तु विदेशबाट आयात गर्छौं । बेसार, गुन्द्रुकसम्म पनि आयात गरिरहेका छौं । अब लघुवित्त संस्थाहरुले विदेशबाट फर्केका युवाहरुसँग सहकार्य गरी कृषिक्षेत्र पुनर्निर्माणमा लाग्नु पर्छ । यो काम लघुवित्त संस्था मार्फत मात्र राम्ररी हुन सक्दछ । त्यसको लागि उनीहरुमा इच्छा शक्ति हुनु पर्छ । कृषिमा हामी केहि बर्षमा पुनः आत्मनिर्भर हुन सक्छौ । यसको लागि संस्थाहरुले कर्जाको साथै सीप, प्रविधि र प्राविधिक ज्ञान दिने कार्यपद्धति विकास गर्नुपर्छ । कृषि प्रणालीलाई आधुनिक प्रविधिसँग जोडिनु पर्छ । वृहत स्केलमा युवा स्वरोजगार सृजना गर्न सकिन्छ । युवाहरुको उद्यमशीलता विकास गरी उद्यमी बनाई स्वरोजगार सृजना गर्नका साथै अरुलाई समेत रोजगारी सृजना गर्न सक्छ र देशको उत्पादनशीलतामा तिव्र योगदान गर्न सक्छ ।

यसको साथै लघुवित्त संस्था सदस्यहरुले निर्वाहमुखी व्यवसायबाट सबै ऋणीहरु क्रमशः उद्यमीमा रुपान्तरण गर्ने योजना बनाई कार्यक्रम अगाडि बढाउनु पर्छ । यसको लागि सदस्यहरुको १०/१२ कक्षा पढेका छोराछोरीहरुलाई नयाँ पुस्ताको लघुवित्त सदस्यको रुपमा संलग्न गराई पुस्तान्तरण गर्नु पर्छ । लघुवित्त क्षेत्रलाई राष्ट्रिय प्राथमिकताको क्षेत्र घोषणा गर्नुपर्छ । युवा स्वरोजगार र प्रधानमन्त्री स्वरोजगार जस्ता कार्यक्रम जसले हालसम्म कुनै सार्थक परिणाम दिन सकेको छैन र बालुवामा पानी हाले जस्तो मात्र भई रहेकोलाई बन्द गरी, उक्त कोषको रकमहरु लघुवित्त संस्थाहरुलाई उपलब्ध गराउनुपर्छ । मध्यमकालीन ऋण स्वरुप सस्तो ब्याजदरमा

साथै लघुवित्त सामाजिक व्यवसायको रुपमा संचालन गर्न सक्षम लघुवित्त संस्थाहरुलाई सर्वसाधारणबाट पनि बचत परिचालन गर्न सक्ने गरी नेपाल राष्ट्र बैंकबाट स्विकृती दिनुपर्छ। कम्बोडियामा यस्तो व्यवस्थाबाट उद्यमशीलताको ठूलो विकास भएको छ र वृहत रुपमा स्थानीय तहमा स्वरोजगार सृजना गर्न सकेको देखिन्छ।

लघुवित्त प्रणालीलाई नयाँ मोड दिन, बलियो, उद्देश्यपरख, सिद्धान्त निष्ठ र संस्कारयुक्त बनाउन "बैंक तथा वित्तीय संस्था" ऐनको 'घ' वर्गबाट हटाई छुट्टै लघुवित्त ऐन तर्जुमा गरी लागु गर्नु पर्छ। लघुवित्त संस्था र लघुवित्त सेवा सञ्चालन गर्ने सहकारी संस्थाहरु यस ऐनको परिधि भित्र ल्याउनु पर्छ र अनुगमन र सुपरिवेक्षण प्रभावकारी बनाउन छुट्टै लघुवित्त नियमन प्राधिकरण गठन गर्नु पर्छ। नेपाल राष्ट्र बैंकको एउटा विभागबाट उपर्युक्त कार्यहरु प्रभावकारी रुपमा हुन संभव छैन। लघुवित्त स्वस्थ र दिगो बनाउन प्रभावकारी सुपरिवेक्षण र नियमन अनिवार्य आवश्यकता हो।

लघुवित्त सदस्य किसानहरुको सबभन्दा ठूलो समस्या भनेको आफ्नो उत्पादनको मुल्य नपाउनु तर उपभोक्ताको भान्छामा पुग्दा उनीहरुको उत्पादनको मुल्य १० देखि १२ गुणासम्म बढेको देखिन्छ। चित्लाङमा अहिले उत्पादक किसानले ५/६ रुपैयाँमा काउली बेचिरहेका छन्। तर ३५ किलोमिटरको

नवलपरासीको दुम्सीकोटमा रुपा महतोको ग्रील उद्यम

दुरीमा काठमाडौंका उपभोक्ताले ४०-५० रुपियाँमा किनिरहेका छन्। यस्तो बेचबिखन प्राय सबै उत्पादनमा भई रहेको छ। बीचका दलालहरुलाई पोस्ने काम भैरहेको अवस्था छ। यसको लागि एउटा संयन्त्र लघुवित्त संस्थाहरु कै पहल र लगानीमा सामाजिक व्यवसायको अवधारणा अन्तर्गत स्थापना र संचालन हुने गरी निर्माण गर्नुपर्छ। यो काम सरकारी संयन्त्रबाट सम्भव छैन। तर यसमा सरकारको सहयोग हुनुपर्छ।

कोरोनाले हाम्रो सामाजिक आर्थिक अवस्थाको धरातल कहाँ र कस्तो छ भन्ने देखाएको छ। लघुवित्तमा संलग्न सबैले आफुले गरे गराएको काम र अनुसरण गरेको मार्गले कता पुऱ्याउछ भन्ने सही मुल्यांकन गरी अगाडि बढ्ने समय आएको छ। हामी सहि मार्गमा हिड्नुपर्छ। हाल देखिएका विकृति, विसंगति र विचलनमा लघुवित्तमा संलग्न सबैको भूमिका रहेको छ। लघुवित्त बढी व्यक्तिगत स्वार्थ प्रेरित हुँदै गएको छ। यसलाई पुनर्निर्माण गर्ने सहि मौका अहिले नै हो। सबैले लोभलालचमा नलागि यसलाई उद्देश्यपरक, सिद्धान्त परस्त, संस्कारयुक्त सामाजिक व्यवसायको रुपमा अगाडि बढाउने प्रण गरौं। लघुवित्तलाई नयाँ मोड दिऔं। जराबाट नै सामाजिक आर्थिक रुपान्तरणको अभियान चलाऔं।

लेखक स्वावलम्बन विकास केन्दका अध्यक्ष हुन्।

(स्रोत : विजमाण्डु डट कम)

(पृष्ठ १२ बाट ...)

लकडाउनले पारेको ...

विधिबाट भए पनि सदस्यको अवस्था बुझ्नु पर्छ" उनको भनाइ थियो। श्रेष्ठले कोरोनाको कारण ठूलो समस्यामा परेका सदस्यहरुलाई उद्धार गर्नु पर्ने अवस्था आए संस्थाहरुलाई तयार रहन समेत सुझाव दिए।

स्वावलम्बन विकास केन्द्रले प्रदेश १ र २ का लघुवित्त सदस्य संस्थाहरुलाई लक्षित गरी आयोजना गरेको कोरोना पछिको लघुवित्त, अवसर, चुनौती र आगामी कार्यदिशा विषयक अनलाइन भिडीयो छलफलमा श्रेष्ठले यस्तो सुझाव दिएका हुन्। उहाँले कोरोना भाइरसको महामारीले लघुवित्त क्षेत्रमा हाल देखिएका विसंगतिहरु सुधार्ने अवसर पनि प्रदान गरेको भन्दै यो लघुवित्तको संस्कार ब्यापक रुपमा पुनर्स्मरण गर्नु र गराउनु पर्ने बेला भएको बताए। लघुवित्त क्षेत्रमा विद्यमान दोहोरोपना निर्मुल गर्नु पर्ने तथा सदस्यहरुको वर्गीकरण गर्नु पर्ने जस्ता काम यही बेला गर्नु पर्ने श्रेष्ठको सुझाव थियो।

लकडाउनबाट परेको समस्या समाधानका लागि लघुवित्त वित्तीय संस्थाहरु एवं सहकारी संस्थाहरु संग छलफल गर्ने क्रममा असार १ गते प्रदेश १ र २ स्थित प्रमुख ९ वटा लघुवित्त सेवा प्रदान गर्ने संस्थाहरु सल्भ नेपाल लघुवित्त वित्तीय संस्था, नवोदय बहुउद्देश्यीय सहकारी संस्था, जीवन विकास लघुवित्त वित्तीय संस्था, नेरुडे लघुवित्त वित्तीय संस्था, महुली लघुवित्त वित्तीय संस्था, श्रृजनशील लघुवित्त वित्तीय संस्था, ग्रामिण स्वयमसेवक लघुवित्त वित्तीय संस्था, फरवार्ड कम्युनिटि लघुवित्त वित्तीय संस्था र सहारा नेपाल बहुउदद्देश्यीय सहकारी संस्था सहभागी थिए।

सहभागीहरुले लघुवित्त क्षेत्रको वर्तमान अवस्था बारे आ-आफ्ना अनुभवहरु आदान प्रदान गर्नु भएको छ। यसै गरी बन्दाबन्दी (लकडाउन) को अवधिमा प्राप्त भएका सिकाईहरु पनि आदान प्रदान गर्नु भएको छ।

आयोजक स्वावलम्बन विकास केन्द्रका तर्फबाट प्रमुख कार्यकारी वेचन गिरी, निर्देशक, सतिश कुमार श्रेष्ठ, अधिकृत, रेणु प्रजापति र चन्द्र कान्त पण्डितको पनि सहभागिता थियो।

स्वावलम्बन विकास केन्द (CSD)
– Institute of Microfinance & Cooperative Development
पो.ब.नं. ८८५२, माइतीघर हाइट, काठमाडौं, नेपाल
फोन : ९७७-१-४२६५६३५, ४२५६७८६, Email: csd@mos.com.np, Web: www.csdnepal.org.np